ehetaudasandesh.com
२५ औं वर्ष
हेटौंडा राष्ट्रिय दैनिक
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३०२ ॥ बिहीबार १० बैशाख २०८३ ॥ सप्तमी ॥ ने.सं. ११४६ ॥ बछलाथ्व ॥ Thursday 23 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## किरांतीद्वारा प्रलोपा परित्याग




सन्देश संवाददाता

काठमाडौं/सुदन किराँतीले प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) परित्याग गरेका छन् । उनले पार्टीको साधारण सदस्यसमेत नरहने गरी राजीनाको घोषणा गरेका हुन् । सामाजिकसञ्जाल फेसबुकमार्फत् उनले पार्टीसँगका करिब ५ महिना लामो यात्रा टुङ्ग्याएको घोषणा गरेका हुन् ।

किरातीले यस अवधिमा मार्गदर्शन गर्ने नेताहरु, सहकार्य गर्ने साथीहरु र कर्मचारीहरुप्रति हार्दिक धन्यबाद व्यक्त गरेका छन् । पार्टी परित्याग गरे पनि राजनीतिबाट भने उनी टाढा नहुने उनको भनाइ छ । 'जनसमुदायको भरोसा र सहिदको अधुरो सपनालाई मुटुमा बोकेर जस्तोसुकै परिस्थिति आए पनि देश र जनताको सेवा, समर्पण र समाज रुपान्तरणको यात्राबाट पछि नहट्ने वाचा गर्दछु,' किराँतीले लेखेका छन्– मेरा लागि आगामी बाटो सजिलो नहुन सक्छ ।

तर, जनताको विश्वास र सहिदको बलिदानले देखाएको मार्गमा निरन्तर अघि बढिरहनेछु ।

# प्रदेशमा ५५१ अपराध दर्ता

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले चैत महिनामा प्रदेशभर भएका अपराध तथा सुरक्षा गतिविधिको विस्तृत विवरण सार्वजनिक गरेको छ । कार्यालयका अनुसार चैत महिनामा प्रदेशका १० जिल्लामा (काठमाडौं, ललितपुर र भक्तपुरबाहेक) कुल ५ सय ५१ वटा अपराध दर्ता भएका छन् ।

प्रहरीले सार्वजनिक गरेको तथ्यांकअनुसार दर्ता भएका अपराधमध्ये २ सय १४ वटा जघन्य तथा गम्भीर प्रकृतिका छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित २१ वटा घटना दर्ता भएका छन् भने आर्थिक अपराधका १ सय १० र अन्य प्रकृतिका १ सय १८ मुद्धा दर्ता भएको जनाइएको छ । यी घटनामा संलग्न ४ सय ५५ प्रतिवादी रहेको प्रहरीको तथ्यांकमा उल्लेख छ । प्रहरीका अनुसार चैतमा सार्वजनिक स्थलबाट चोरी भएका तथा हराएका वस्तुहरुको खोजतलासमा उल्लेखनीय सफलता हासिल गरिएको छ । यद्यपि, सम्पत्ति शुद्धीकरणसम्बन्धि कुनै पनि मुद्धा दर्ता नभएको जनाइएको छ ।

फैसला कार्यान्वयनतर्फ प्रहरीले सक्रियता बढाउँदै ३ सय ८८ जना फरार प्रतिवादी पक्राउ गर्न सफल भएको छ । पक्राउ परेकामध्ये विभिन्न अदालतबाट तोकिएको ५१ वर्ष ६ महिनाको कैद सजाय कार्यान्वयन गरिएको छ भने २ करोड २८ लाख ६६ हजार ३ सय ७१ जरिवाना असुल गरिएको जनाएको छ ।




यसले फैसला कार्यान्वयनमा प्रहरीको सक्रियता देखिएको छ । हराएका तथा फेला परेका व्यक्तिहरुको खोजतलास कार्य पनि तीव्ररुपमा अघि बढाइएको छ । तथ्यांकअनुसार हराएका व्यक्तिमध्ये पुरुष ३४, महिला ४७, बालक १५, बालिका ४५ र ज्येष्ठ नागरिक ८ जना छन् । फेला परेकामध्ये पुरुष ७१, महिला ४४, बालक २०, बालिका ३९ र ज्येष्ठ नागरिक ७ जना छन् । खोजतलासका क्रममा केही व्यक्तिको खोजी जारी रहेको प्रहरीले जनाएको छ ।

घरेलु हिंसाका घटना पनि चैतमा उल्लेख्य देखिएका छन् । यस अवधिमा ७ सय ५९ निवेदन दर्ता भएका छन् । तीमध्ये ५ सय ४७ वटा मुद्धा मिलापत्रमार्फत् समाधान गरिएको छ भने १ सय ९६ वटा अदालतमा पठाइएको छ । ७ जना पीडित सम्पर्कमा नआएको र ५९ वटा मुद्धा अझै बाँकी रहेको प्रहरीले जनाएको छ । समग्रमा हेर्दा चैतमा अपराध नियन्त्रण, अनुसन्धान तथा फैसला कार्यान्वयनमा बागमती प्रदेश प्रहरीको सक्रियता देखिएको छ । प्रहरीले आगामी दिनमा पनि शान्तिसुरक्षा सुदृढ बनाउँदै अपराध नियन्त्रणलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ ।

प्रहरीका अनुसार ठूलो परिमाणमा गाँजा, अफिम, चरेस, हेरोइनलगायत लागुऔषध बरामद गरिएको छ । ट्रामाडोल, डाइजेपाम, फेनागर्न लगायत औषधिजन्य लागुपदार्थ पनि उल्लेख्य मात्रामा फेला पारिएको छ । लागुऔषध कसुर अन्तर्गत् ५० मुद्धा दर्ता हुँदा १ सय ६३ जना संलग्न रहेको खुलेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । उजुरी व्यवस्थापनतर्फ हेर्दा सीधै प्रहरी कार्यालयमा प्राप्त १ हजार ४ सय ८६ उजुरीमध्ये १ हजार २ सय ६९ फछ्र्यौट भइ २ सय १७ बाँकी छन् । जिल्ला प्रशासन कार्यालयबाट प्राप्त ३ सय २७ उजुरीमध्ये २ सय ७० फछ्र्यौट हुँदा ५७ बाँकी रहेको जनाइएको छ । कुल १ हजार ८ सय १३ उजुरीमध्ये १ हजार ५ सय ३९ फछ्र्यौट भइ २ सय ७४ प्रक्रियामा छन् ।

प्रदेशभर आत्महत्याका ६९ घटना दर्ता भएका छन्, जसले सामाजिक तथा मानसिक स्वास्थ्य क्षेत्रमा चुनौती देखाएको प्रहरीको निष्कर्ष छ । अपराध न्यूनीकरणका लागि प्रहरीले प्रोएक्टिभ पोलिसिङ, सीसीटिभी जडान तथा प्रविधि प्रयोग, संवेदनशील क्षेत्रमा विशेष निगरानी र घटनाको विश्लेषणमा आधारित कार्ययोजना कार्यान्वयन गर्दै आएको जनाएको छ । प्रहरीले लागुऔषध नियन्त्रण, अपराध रोकथाम र जनसुरक्षा सुदृढीकरणका लागि समुदायसँग सहकार्यलाई अझ मजबुत् बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।प्रहरीका अनुसार विपद् तथा आकस्मिक घटनामा १० जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् । उद्धार तथा व्यवस्थापन कार्यमा २ सय ६२ प्रहरी परिचालन गरिएको प्रहरीले जनाएको छ । सवारी दुर्घटनातर्फ भने अवस्था चिन्ताजनक देखिएको छ ।

एक महिना अवधिमा बागमतीका १० जिल्लामा कुल १ सय ४२ सवारी दुर्घटनामा ३० जनाको मृत्यु भएको प्रदेश प्रहरीको तथ्यांक छ । जसमा २ सय ९५ जना घाइते भएका छन् । ट्राफिक नियम उलंघनका घटनामा १० हजार ३ सय १२ सवारीलाई कारबाही गरिएको छ । ती कारबाहीबाट ९४ करोड ७३ लाख ५० हजार राजस्व संकलन भएको बताइएको छ ।

अवैध हातहतियार नियन्त्रण अभियानअन्तर्गत् १२ नाल भरुवा बन्दुक बरामद गरिएको छ भने ३ जनालाई पक्राउ गरिएको जनाइएको छ । प्रहरीका अनुसार शान्तिसुरक्षा सुदृढ बनाउन, दुर्घटना न्यूनीकरण गर्न तथा अवैध गतिविधि नियन्त्रण गर्न नियमितरुपमा अभियान सञ्चालन भइरहेको छ ।

# मनहरीबाट करदाता सेवा सुरु



सन्देश संवाददाता

हेटौंडा/मकवानपुर जिल्लामा पहिलो पटक मनहरी गाउँपालिकाबाट करदाता सेवा सुरु भएको छ । बुधबार गाउँपालिकाले व्यक्तिगत् तथा व्यावसायिक स्थायी लेखा नम्बर ( प्यान) जारी तथा अन्य करदाता सेवा सुरु गरेको हो ।

आन्तरिक राजस्व कार्यालय हेटौंडा प्रमुख युक्तप्रसाद सुबेदी र गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेश सुबेदीबीच समझदारीपत्रमा हस्ताक्षर गरी सेवाको औपचारिक सुरुवात गरिएको हो ।

संघीय सरकारले कात्तिक १७ गते स्थानीय तहबाट करदाता सेवा प्रदान गर्न सुरु गर्ने निर्णयअनुसार मकवानपुर जिल्लामा पहिलो पटक स्थानीय तहमार्फत् सेवा सुरु गरिएको हो । पालिकाबाट बुधबार पहिलोपटक व्यक्तिगत् स्थायी लेखा नम्बर लिने निर्मला मल्ल, अनमोल गोले र व्यावसायिक स्थायी लेखा नम्बर लिने सिर्जना टेलर्सकी सञ्चालकलाई गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, आन्तरिक राजस्व कार्यालय प्रमुख सुबेदी र पालिका प्रमुख प्रशासकीय अधिकृत सुबेदीले प्रमाणपत्र हस्तान्तरण गरी सेवाको औपचारिक सुरुवात गरिएको छ ।

अब गाउँपालिकाबाट व्यक्तिगत् र व्यावसायिक स्थायी लेखा (प्यान) नम्बर जारी हुनेछ भने व्यावसायिक तथा व्यक्तिगत् स्थायी लेखा नम्बरमा रुपान्तरणसम्बन्धि कार्य पनि हुनेछ ।

आयकर दर्ता तथा स्थायी लेखा नम्बर दर्तासँग सम्बन्धित संशोधित कार्य पनि ।पालिका कार्यालयबाट हुने जनाइएको छ । अन्त:शुल्कको इजाजतपत्र जारी तथा नवीकरणका लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयसँग सहजीकरण गरी प्रमाणपत्र जारी गर्ने तथा अन्त:शुल्क लाग्ने वस्तुको खरिदबिक्री गर्ने इजाजतपत्र मात्र जारी एवम् नवीकरण गर्ने काम पनि स्थानीय तहबाट हुने आन्तरिक राजस्व विभागबाट जारी कार्यसञ्चालन कार्यविधिमा उल्लेख छ ।

प्रमाणपत्र जारी गर्नुपूर्व अन्त:शुल्कको नयाँ इजाजतपत्र तथा नवीकरणका लागि आवश्यक कागजातहरु रुजु गरी सबमिट गर्ने र प्रमाणीकरणका लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा रेफर /फोरवार्ड, अन्तिम तहको रुजु सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट भइ कर अधिकृतले डिजिटल हस्ताक्षर जारी गर्ने कार्यविधिमा उल्लेख छ ।

मनहरी गाउँपालिकामा करदाता सेवा प्रदान गर्न पालिकाका तीन कर्मचारीलाई आन्तरिक राजस्व कार्यालय हेटौंडाले तालिम प्रदान गरी आवश्यक उपकरणको व्यवस्थापनसमेत गरिसकेको जनाइएको छ ।

गाउँपालिकाबाट सेवा सुरु भएसँगै करदातालाई समयको बचत हुनुका साथै छिटोछरितो सेवा प्राप्त हुने पालिका अध्यक्ष कालाखेतीले विश्वास व्यक्त गरे ।

नेपाल सरकार मन्त्रिपरिषद्को कात्तिक १७ को निर्णयले करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय गरेको थियो । सुरुमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सुरु गरिएको कार्यक्रम अब स्थानीय तहबाट सुरु गर्न लागिएको हो ।

## शेयरसम्बन्धि विषयमा गृहमन्त्रीद्वारा पदत्याग

सन्देश संवाददाता

काठमाडौं/गृहमन्त्री सुधन गुरुङले पदबाट राजीनामा दिएका छन् । पछिल्ला दिनहरुमा आफ्नो शेयरसम्बन्धि विषयलाई लिएर नागरिकस्तरबाट बढ्दै गएको जनचासो र प्रश्नहरुलाई गम्भीररुपमा लिँदै उनले नैतिक जिम्मेवारीस्वरुप पदत्याग गरेको बताएका छन् ।

२०८२ चैत १३ गतेदेखि गृहमन्त्रीको जिम्मेवारी सम्हाल्दै आएका गुरुङले पदभन्दा ठूलो कुरा नैतिकता र जनविश्वास भएको उल्लेख गरेका छन् । उनले आफूसँग सम्बन्धित विषयमा निष्पक्ष छानबिन हुनुपर्नेमा जोड दिँदै पदमा रहँदा कुनै प्रकारको गलत कार्य नदेखियोस् भन्ने उद्धेश्यले राजीनामा दिएको स्पष्ट पारे । गुरुङले देशमा सुशासन, पारदर्शिता र जवाफदेहिताको माग बढिरहेको सन्दर्भमा सार्वजनिक जीवन स्वच्छ र उत्तरदायी हुनुपर्ने बताएका छन् । विशेषगरि युवापुस्ताबाट उठिरहेको आवाजलाई सकारात्मकरुपमा लिँदै उनले यसले नेतृत्वलाई थप जिम्मेवार बनाउने विश्वास व्यक्त गरे ।

उनले सञ्चारकर्मी, आमनागरिक तथा युवाहरुलाई सत्य, इमानदारी र आत्मशुद्धिको बाटोमा अघि बढ्न आह्वान गर्दै परिवर्तनका लागि सबैले नैतिक साहस देखाउनुपर्ने धारणा राखेका छन् । गुरुङको राजीनामासँगै अब सम्बन्धित निकायबाट उक्त विषयमा छानबिन प्रक्रिया अघि बढ्ने अपेक्षा गरिएको छ ।

*'राम्रो गर्नुभयो'*

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले गुरुङले गृहमन्त्रीबाट राजीनामा दिएकोमा टिप्पणी गरेका छन् । गुरुङले गृहमन्त्रीबाट राजीनामा दिएपछि प्रचण्डले टिप्पणी गर्दै 'राम्रो गर्नुभयो' भनेका छन् । सकारात्मक कदम भएको उनले बताए । बुधबार सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले भने–उहाँले राजीनामा दिनुभयो, त्यो राम्रो गर्नुभयो । अस्वभाविक सम्पत्ति विवरण र व्यवसायीसँगको सम्बन्धलाई लिएर विवादमा मुछिएपछि गृहमन्त्री गुरुङले बुधबार राजीनामा दिएका थिए । उनले पुरानो अवस्था फेरिने कुरा बताए । 'पुरानो अवस्था अब नयाँ अवस्थामा फेरिन्छ । केही समय हेर्नुहोला, छिट्टै फेरि लहर आउँछ,' उनले भने ।

रास्वपा सभापति रवि लामिछानेसँग तपाईंको भेट हुन्छ भन्ने सञ्चारकर्मीको प्रश्नमा नियमित भेटघाट भइरहने जवाफ दिए । गुरुङ विभिन्न शेयर कारोबारमा जोडिएको विषयबारे विवादमा तानिएपछि चौतर्फी आलोचना भएको थियो ।

# निजी मिडियालाई सरकारी विज्ञापन दिन मुख्यमन्त्रीको निर्देशन



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले निजी मिडियालाई पनि सरकारी विज्ञापन दिन लागि आफूले प्रमुख सचिवलाई निर्देशन दिइसकेको जानकारी दिएका छन् । नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको नेतृत्वमा गएको प्रतिनिधिमण्डलसँग उनले निजीक्षेत्रका सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्नु लोकतन्त्रको मर्मविपरीत हुने उल्लेख गर्दै कानुनीरुपमा दर्ता भएका सबै मिडियाले सूचना पाउनुपर्ने धारणा राखे । 'सरकारी विज्ञापन निजीक्षेत्रका मिडियालाई पनि दिन पाउनुपर्छ । यसलाई रोक्न मिल्दैन,' उनले भने ।

छलफलका क्रममा मुख्यमन्त्री बानियाँले प्रधानमन्त्री बालेन्द्र शाहसँगको भेटमा पनि यस विषयमा कुराकानी भएको जानकारी दिए । प्रधानमन्त्री कार्यालयबाट निजी मिडियालाई विज्ञापन नदिने आशयको पत्र आएपछि हाल प्रदेशमा रहेका निजी सञ्चारमाध्यमले सरकारी विज्ञापन पाउन सकेका छैनन् । प्रधानमन्त्रीसँगको छलफलमा टेण्डर सम्बन्धि सूचनामात्र निजी मिडियामा नदिने र अन्य सूचना दिन मिल्ने भनिएको उनले स्पष्ट पारे । सोही आधारमा प्रदेश सरकारले टेण्डर बाहेक सबै प्रकारका सूचना निजी मिडियामार्फत् प्रवाह गर्ने वातावरण बनाउन प्रमुख सचिवलाई निर्देशन दिएको मुख्यमन्त्रीको भनाइ छ ।

कार्यक्रममा महासंघ प्रदेश उपाध्यक्ष हरि हुमागाईंले संघीय सरकारकै शैलीमा प्रदेश सरकारबाट पनि सानाठूला सबै निजी मिडियालाई सूचना दिने काम रोकिएकोप्रति चिन्ता व्यक्त गर्दै तत्काल सुधारको माग गरे । महासंघ संस्थापक अध्यक्ष प्रताप बिष्टले निजी र सरकारी मिडियाबीच समान व्यवहार गर्न प्रदेश सरकारसँग आग्रह गरेका थिए ।

नेपाल पत्रकार महासंघको केन्द्रीय सर्कुलरअनुसार नेपाल सरकारको निर्णयले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने कार्य प्रदेशमा कार्यान्वयन नगर्न अनुरोध गर्ने उद्धेश्यले पत्रकार महासंघ बागमती प्रदेश समितिले प्रदेशका मुख्यमन्त्री बानियाँसँग अन्तर्क्रिया गरेको हो । छलफलमा सहभागीहरुले सरकारी विज्ञापन वितरण प्रणालीलाई समावेशी, पारदर्शी र समानुपातिक बनाउनुपर्नेमा जोड दिएका थिए ।

## १३ प्रतिशत् बढी आयात

सन्देश संवाददाता

वीरगञ्ज/वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको नौं महिनामा छ खर्ब ९४ अर्ब पाँच करोडका वस्तु तथा सामान आयात भएको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको नौं महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने ८० अर्ब ४४ करोड अर्थात् १३ प्रतिशत् बढी आयात भएको हो ।

जबकि, गत आवको नौं महिनामा भने छ खर्ब १३ अर्ब ६१ करोड बराबरका वस्तु तथा सामान आयात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह बिष्टले चालु आवमा उक्त नाका हुँदै हुने आयातमा बढोत्तरी भएको बताए । यस नाका हुँदै चालु आवको नौं महिनामा एक खर्ब ४८ अर्ब १६ करोडको पाँच थरिको पेट्रोलियम पदार्थ आयात भएको छ । जबकि, गत आवको सोही अवधिमा भने एक खर्ब ४० अर्ब १० करोडको पेट्रोलियम पदार्थको आयात भएको थियो । चालु आवको नौं महिनामा ६२ अर्ब २६ करोड पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएका छन् । गत आवको सोही अवधिमा भने ५५ अर्ब नौं करोडका फलाम तथा फलामबाट बनेका सामान भित्रिएको थियो ।

चालु आवको नौं महिनामा ५० अर्ब ४० करोडको भटमासको कच्चातेल आयात भएको छ । गत आवको सोही अवधिमा ३८ अर्ब १५ करोडको भटमासको कच्चातेल आयात भयो । चालु आवको नौं महिनामा ४९ अर्ब १३ करोड पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ । गत आवको नौं महिनामा ४० अर्ब ५७ करोडको मेसिनरी तथा पार्टपुर्जा भित्रिएको थियो । चालु आवको नौं महिनामा ३४ अर्ब १९ करोड पर्नेइलेक्ट्रिक मेसिनरी उपकरण र तिनका पार्टपुर्जा भित्रिएको छ भने गत आवको सोही अवधिमा भने ३० अर्ब १४ करोड मूल्यका इलेक्ट्रिक मेसिनरी उपकरण र तिनका पार्टपुर्जा आयात भएको थियो ।

## हेटौंडालाई फरक पहिचानसहित विकास आवश्यक

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका–४ का अध्यक्ष तथा नेकपा एमाले केन्द्रीय लेखा आयोग सदस्य नवीन सिग्देलले बागमती प्रदेशको राजधानी हेटौंडालाई कागजीमात्र नभइ व्यवहारिकरुपमा विकास गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

उनले सामाजिकसञ्जाल फेसबुकमार्फत् आफ्नो विचार सार्वजनिक गर्दै हेटौंडालाई केवल पालिकाको संरचनाभित्र सीमित राख्न नहुने बताएका हुन् ।

उनका अनुसार केन्द्रीय राजधानी काठमाडौंलाई केवल महानगरपालिका भनेर मात्र नहेरी राष्ट्रिय राजधानीका रुपमा जसरी चिनिन्छ, त्यसैगरि बागमती प्रदेशको राजधानी हेटौंडालाई पनि फरक पहिचानसहित विकास आवश्यक छ ।

सिग्देलले राजधानीलाई वास्तविक अर्थमा स्थापित गर्न निश्चित मापदण्ड पूरा गर्नुपर्ने उल्लेख गरेका छन् । उनले हेटौंडालाई शिक्षाको केन्द्र, स्वास्थ्य सेवाको केन्द्र, खेलकुदको केन्द्र, भाषा–साहित्य तथा संस्कृतिको केन्द्र, पर्यटनको केन्द्र, उद्योगको केन्द्र र कृषिको केन्द्रका रुपमा विकास गर्नुपर्नेमा जोड दिएका छन् । आधुनिक सहरका मापदण्डअनुसार सुबिधासम्पन्न पूर्वाधार निर्माण अपरिहार्य रहेको उनको भनाइ छ ।

उनले हेटौंडालाई उपमहानगरपालिका वा महानगरपालिका बनाउने बहसभन्दा माथि उठेर बागमती प्रदेश राजधानी हेटौंडाका रुपमा चिनिने गरी विकास गर्ने सोच आवश्यक रहेको बताए ।

'राजधानीलाई कागजमा मात्र सीमित नराखी व्यवहारमा पनि अनुभूति हुने गरी विकास गर्नुपर्छ,' उनले उल्लेख गरेका छन् । उनको यस अभिव्यक्तिलाई हेटौंडाको दीर्घकालीन शहरी विकास, पहिचान र पूर्वाधार विस्तारसँग जोडेर हेरिएको छ ।

## यातायातका सेवा गुनासोर हित बनाउन छलफल



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्रका तर्फबाट सेवाप्रवाहलाई प्रविधिमैत्री, सेवाग्राहीमैत्री र गुनासोरहित बनाउने सम्बन्धमा छलफल भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको सभाहल हेटौंडामा भएको छलफलमा यातायात व्यवस्था कार्यालयहरुबाट भइरहेका सेवाप्रवाहमा बढ्दो जनगुनासो न्यूनीकरण गरी प्रविधिमैत्री, सेवाग्राहीमैत्री र गुनासोरहित सेवाप्रवाह, सेवाप्रवाह र सोको प्रक्रियागत् चरणहरु, सेवाप्रवाह सुधारका आधार (कानुनी तथा प्रक्रियागत् आधारहरु), क्षेत्रगत् समस्याहरु र तत्काल सुधार गर्न सकिने विषयहरु, सेवा सरलीकरण, हो ।

प्रविधिमैत्री बनाउन, भिडभाड र बिचौलियामुक्त बनाउन अवलम्बन गरिनुपर्ने सुधारका क्षेत्र तथा विधिहरु (ऐन, नियम, कार्यविधि, सम्झौता, परिपत्र), कार्यान्वयनका लागि कुन कुन निकायले केके गर्नुपर्ने हो, सोको विवरण र नागरिकले प्राप्त गर्ने सुबिधा र कार्यालयले उपयुक्त ठानेका सेवा सुधारलगायत विषयहरुमा कार्यालयहरुका तर्फबाट संयुक्त प्रस्तुतिकरण गरिएको थियो ।

छलफलमा प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमूख आतिथ्यता थियो भने आर्थिक मन्त्री प्रभातकुमार तामाङ, यातायात मन्त्री जयराम थापा, बागमती प्रदेश सरकारका प्रमुख सचिव बाबुराम अधिकारी, मुख्यमन्त्री कार्यालयका सचिवद्वय रामबाबु पुरी र बाबुराम गौतम, श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिव बलराम भुसाल, श्रम, रोजगार तथा यातायात मन्त्रालयअन्तर्गत् सबै कार्यालयका प्रमुखहरुको सहभागिता थियो ।

# सांसद् गौतमसँग मउवा संघको छलफल

सन्देश संवाददाता

हेटौंडा/मकवानपुर उद्योग वाणिज्य संघमा मंगलबार प्रतिनिधि सभा सदस्य प्रकाश गौतमसँग छलफल गरिएको थियो । संघ अध्यक्ष प्रमोदसिंह रानाभाटको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

प्रतिनिधिसभा सदस्य गौतमले हेटौंडा सिमेन्टको निरन्तर सञ्चालन र हेटौंडा अस्पताल स्तरोन्नतिका लागि आफू परिणाम दिने गरी खटिरहेको, हेटौंडामा सीसी क्यामेरा जडानका लागि गृह मन्त्रालयसँग बजेटका लागि पहल भइरहेको, औद्योगिक क्षेत्रलाई व्यवस्थित सञ्चालनका लागि संसद्मा आफ्नो धारणा राख्ने समय लिएको, सडक विस्तारको विषयमा समाधान निकाल्न छलफल गरिरहेको, सबैको साथ लिएर काम गर्न चाहेको बताए ।

कार्यक्रममा संघ अध्यक्ष रानाभाटले एमआरपी अनिवार्य गर्नुपूर्व व्यवसायीलाई पर्याप्त समयसीमा र सचेतना कार्यक्रम चलाउनुपर्ने, वीरगञ्ज जानुपर्ने बाध्यता हटाउन हेटौंडामा नापतौल कार्यालय स्थापना गर्नुपर्ने, भारतीय पर्यटकहरुलाई थप आकर्षित गर्न पूर्वाधार विकासमा लगानी बढाउनुपर्ने, भीडभाड भइरहने हेटौंडा अस्पतालमा गएर नजिक रहेको हेटौंडा आँखा अस्पतालका लागि रिफर लिनुपर्ने बाध्यता हटाउनुपर्ने, विस्तारित मयुरधाप औद्योगिक क्षेत्र शीघ्र सञ्चालनमा ल्याउनुपर्ने, सडक विस्तारको अन्यौलता हटाउनुपर्ने जस्ता धारणा राखेका थिए ।

सुनचाँदी धर्म र संस्कारसँग जोडिएकोले विलासिता कर हटाउनुपर्ने, घरव्यवहार चलाउन पुराना गहनाको बिल नहुँदा समस्या पर्ने देखिएकाले कर कार्यालय, वडा वा प्रहरीबाट प्रमाणित गराइ बिक्री गर्न मिल्ने व्यवस्था आवश्यक रहेको, कृषि उत्पादनको बजारीकरणका लागि राज्यले साथ दिनुपर्ने, कृषि उपजको सहज आयात, निर्यात तथा ढुवानीको वातावरण बनाउनुपर्ने, जमिन बाँझो राख्न नहुने नीति बनाउनुपर्ने, हाल केरामा भइरहेको तस्करी नियन्त्रण गर्नुपर्ने, किसान, व्यवसायी र सरकारको सहकार्यमा कृषिसम्बन्धि नीति बनाउनुपने उनले बताए । हेटौंडा बजारमा सीसीटिभीको प्रभावकारी व्यवस्था हुनुपर्ने, विस्तारित मयुरधाप औद्योगिक क्षेत्रलाई बफर जोन क्षेत्रबाट अलगाउनुपर्ने, हेटौंडा सिमेन्ट उद्योग बन्द भइरहने अवस्था अन्त्य गर्दै निरन्तर सञ्चालन र फष्टाउने स्थितिमा पुर्‍याउनुपर्ने, हेटौंडा कपडा उद्योग सञ्चालन हुँदा हजारौंले रोजगारी पाउने र राज्यलाई आम्दानी हुने जस्ता विषयहरुमा चर्चा गरिएको थियो ।

कार्यक्रममा संघ महासचिव प्रतिमा श्रेष्ठ, मकवानपुर सुनचाँदी व्यवसायी संघ अध्यक्ष गोपीलाल बिक, मकवानपुर फलफुल तथा तरकारी व्यापारी संघ अध्यक्ष कृष्ण हुमागाई, मोबाइल एसोसिएसन अध्यक्ष सागर न्यौपाने, संघ उपाध्यक्ष उज्ज्वल चौलागाई, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका सदस्य उत्तम शर्माढकाल र वरिष्ठ उपाध्यक्ष दीपक उप्रेतीलगायतले मन्तव्य राखेका थिए ।

जनहितमा जारी सन्देश

मोबाइलको लतबाट बालबालिकालाई बचाऔं

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने,
- गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझने देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मस्तिष्क विकासमा असर पुर्‍याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर डुलाएर गीत गाएर तथा उनीहरुको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,
- अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोबाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोबाइलको कम प्रयोग गरौं ।

*त्यसैले अभिभावकले मोबाइलको कम प्रयोग गरौं ।*

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

**उखान:** बाघ दुब्लाएर बिरालो हुँदैन।

**बेलाको बोली**

सबै सत्यले तीन चरणहरु पार्न गर्ने गर्दछ, पहिलो यसको उपहास गरिन्छ।

- आर्थर शोपेनहावर

## सम्पादकीय

# आफ्नो मत कहां खोज्ने ?

*गत फागुन २१ गते भएको संघीय निर्वाचनमा दलीय प्रतिनिधि बन्दै नेपालमा क्रियाशिल दलका उमेदवारहरूले जनताले मत आफैलाई दिएको तर बाकसबाट निकालेर बाहिर गन्दा अर्को दललाई मत आएकोमा अधिकाश पराजित उमेदवारहरु चकित परेका थिए र अहिले पनि सोही बिषयमा सोधपुछ गर्दैछन् । निर्वाचनताका वडावडाका ठेकेदार हरूले म यो वडाबाट यति मत तपाईलाई हाल्न लगाउनछु भनेर ठेक्का लिने ठेकेदारहरूलाई उमेदवारहरूले निर्वाचनको १ हप्ताभित्र नै कोठामा राखेर झाको झार्ने काम गरिसकेका छन् ।*

*यस क्रममा नेपाली काग्रेसका अधिकाशं उमदेवारहरूले नेकाको क्रियाशिल सदस्य बराबरको मत पनि नआउदा आश्चर्यमा परेका हुन् । नेपाली काग्रेसको सबभन्दा तल्लो निकायको कार्यकर्ता भनेको क्रियाशिल सदस्य हो । तर, वडामा क्रियाशिल सदस्य बराबरको मत पनि रूख चिन्हमा नखसेपछि उमेदवारहरू अचम्ममा परेका छन् । नेपाली कांग्रेस बागमती प्रदेशले सोमबार हेटौंडामा आयोजना गरेको निर्वाचन समिक्षा कार्यक्रममा आफ्नो चुनावी समिक्षा गर्दै नेपाली कांग्रेसका क्रियाशिल सदस्यको पनि मत प्राप्त नभएकोले दलभित्र गम्भीर छानबिनके मागसमेत गरिएको छ । कार्यक्रममा सहभागि अधिकाशं उमेदवारहरूले फरक गुटको कारण आफु पराजय भोग्नु परेकोमा भन्दै नेता तथा मतदातासंग रूष्ट देखिएका थिए । उनीहरूमध्ये एक महिला नेतृले त आफ्नै पिएले पनि फेसबुकमा लाईक नगरेकोले उसले पनि भोट नहालेको आरोप लगाए ।*

*यस्ता भनाईबाट के बुझ्न सकिन्छ भने निर्वाचनमा बिजेता बनेमा मेरो ब्यक्तिगत कारणले जितेको र पराजय भएमा दल वा कार्यकर्ताले धोखा दिएको आरोप लगाएर आफु पन्छिने क्रम अहिले पनि चल्दै रहेछ । यस पटक उमेदवार बनेका दलका प्रतिनिधिहरूले के बुझ्न चाहेकनन भने जनताको मन जित्न मैले कति कसरत गरे भनेर आफैले आफैलाई सोध्नु पर्ने पो कोही ? उनीहरूले बुझ्नु पर्ने अर्को कुरा के हो भने निर्वाचन जित्न केवल चर्का नारा लगाएर मात्र हुदैन् मतदाताको मन जित्नुपर्छ भन्ने कुरा अवका दिनमा उनीहरूले बुझुन् । यस कार्यक्रमा उमेदवारले बिगतका दिनमा कस्ता कस्ता जनताका काममा सहभागि भईयो वा निर्वाचनपछि अधिकाश राजधानी बस्ने परम्परा पनि एउटा गतिलो कारण बनेको हो कि ?*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | धेरै लगानी गर्दा कममात्र फाइदा हुनेछ । अर्थअभाव खट्किनाले चिताएको काम पूर्ण नहुन सक्छ । बनिसकेको काम दोहोऱ्याउनुपर्ला । | **बृष** | समय दिन नसक्दा अधुरो रहनेछ । लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् र सहयोग गर्नेहरू भेटिने छैनन् |
| **मिथुन** | समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । | **कर्कट** | अवसर आए पनि नयाँ काम थाल्नु अघि राम्ररी विचार पुऱ्याउनु होला । श्रम परेता पनि उचित मूल्य देखाएर केही फाइदा उठाउन सकिनेछ । |
| **सिंह** | शुभचिन्तकहरू जुट्नाले पहिलेको चुनौती समाप्त होला । दाम र प्रतिष्ठा कमाउने बेला छ । प्रयत्न गर्दा पदीय जिम्मेवारी पाइनेछ । | **कन्या** | समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ । कामको चाप बढ्नेछ, वाद-विवादले मन खिन्न तुल्याउनेछ । सामान्य काममा श्रम खर्चनु पर्ला |
| **तुला** | स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला । गोप नीयता बाहिरिनाले समस्या पर्न सक्छ आफ्नो वस्तुमा अरूले दाबी गर्लान् । | **बृश्चिक** | स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । व्यापारलगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ । शत्रुहरू किनारा लाग्नेछन् |
| **धनु** | खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ । हुन सक्छ । मिहिनेतीहरूका लागि श्रमबाट पछिलाई फाइदा हुनेछ । | **मकर** | प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। नोकरी तथा व्यवसायमा लाग्नेहरूलाई फाइदा हुनेछ । भौतिक स्रोत-साधन संग्रह हुनेछन् । |
| **कुम्भ** | भने प्रतिस्पर्धामा विजयी भइनेछ । पुरुषार्थी कामले समाजमा स्थापित बनाउन सक्छ । रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ । | **मिन** | स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनु होला । व्यावहारिक समस्याले सताए पनि सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# मातातीर्थ औंसी र यसको महत्व







**केशव प्रसाद खरेल**
(अधिबक्ता) उपप्राध्यापक

प्रेमको प्रतिक आमा हो । नेपालमा आमालाई निकै मान्यता दिएको पाईन्छ । आमालाई माता तथा जननी पनि भनिन्छ । उनै माताको सम्झनामा मातातीर्थ मनाउने प्रचलन चलि आएको पाईन्छ । यो औंसी वैशाख महिनामा पर्दछ । मातातीर्थ औंसीलाई आमाको मुख हेर्ने दिन पनि भनिन्छ । हिन्दुहरूले आमाको मुख हेर्ने दिन विश्वभर मनाइन्छ । यो पर्व गेग्रोरियन क्यालेण्डरअनुसार मनाउदै आएका छन् हिन्दुहरुले । मातातीर्थको स्थान काठमाडौंदेखि पश्चिममा पर्दछ ।

आमालाई सम्झना गर्नको लागि मातातीर्थ जाने गरिन्छ । मातातीर्थमा एक पवित्र पोखरी वा कुण्ड पनि छ । सर्वप्रथम श्रद्वालु भक्तजनहरूले पवित्र कुण्डमा स्नान गर्दछन् । त्यसपछि श्रद्वापूर्वक पुरोहितलाई सिदादान दिनुका साथै तर्पण पनि दिन्छन् । माता तीर्थमा रहेको कुण्डमा हेर्नाले आफ्नो आमाको आवरण देख्न सकिन्छ । पवित्र पोखरीमा स्नान गरिन्छ ।

नेवार जातिहरूले पनि मातातीर्थ औंसी श्रद्वा-पूर्वक मान्दछन् । नेवार महिलाहरूले आफ्नी आमालाई बिशेष प्रकारका उपहारहरु दिन्छन् । त्यस्तो उपहारलाई 'सागा' भनिन्छ । आमा बसेको ठाउंमा गई मिठाई, फलफूल, कपडालगायत उपहार दिएर मातृत्वको भावना व्यक्त गर्दछन् ।

आख्यान्अनुसार एक पटक एउटा भेडोले आमा गुमायो । आमा गुमेपछि ऊ निकै चिन्तित भयो । ऊ मातातीर्थमा रहेको पवित्र कुण्डमा पुग्यो । कुण्डभित्र उसले आफ्नो आमाको आवरण देख्यो । संगोगवस त्यो दिन औंसी परेको थियो । मातातीर्थ नामक स्थानमा जानाले मृत्युलाई वरण गरेको आमाको आत्माले शान्त्वना पाउन सक्दछ भन्ने सोच रहेको छ । यो पर्व वैशाख कृष्णपक्षमा पर्दछ । आमा मरिसकेपछि मातातीर्थ कुण्डमा जाने प्रचलन छ । मृत्युलाई वरण गरेकी आमाले आफ्ना सन्तान-हरूबाट दिइएको सबैकुरा स्वीकार गर्नु हुन्छ । काठमाण्डू जिल्लाको चन्द्रागिरी नगरपालिकामा मातातीर्थ स्थान पर्दछ ।

मातातीर्थ स्थानमा एक सानो बस्ति छ । माता तीर्थमा एउटा सानो मन्दिर पनि छ । एकदिन एउटा किसानले मातातीर्थको यात्रा गरेका थिए । किसानलाई ज्यादै तिर्ख लागेको थियो । पानी खान लाग्दा मरेको आमाको आवरण देख्यो । माता तीर्थको स्थापना गोपालराज वंशावलिअनुसार ८ देखि ११ शताब्दिको मध्यममा भएको आंकलन गरिएको छ । मातृक्षको नामबाट परिचित छ । मातातीर्थ औंसीमा व्यक्त गरिने संस्कृतको यो श्लोकले माताको महत्व झल्काएको पाउछौं ।

सात्वा करोतिमः श्राद्व माघोः
कृष्णकुहौ दिने, वियोग न भवेन्मातुः
वार्धकयेअपि सुनिश्चितंम ॥
तृप्ता भवति तन्माता स्नान मात्रेण चात्र वै ।
ऋणःप्रमुच्यते सध्दो मातृगर्भास्थितोम्द वै ॥

मातातीर्थ क्षेत्र पहिलाको मध्यमाञ्चल विकास क्षेत्र र हाल बागमती प्रदेशको काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिकामा पर्दछ । यस ठाउंमा पुरूषको दांजोमा महिलाको संख्या कम छ । माता तीर्थ पर्व एकदिन मात्र मनाइन्छ । मातातीर्थलाई आमाको दिन पनि भन्ने गरिएको छ । विवाहित नारीहरू माइतमा गएर आमालाई विभिन्न परिकार खान दिई आर्शीवाद दिने र लिने पनि गर्दछन् । आमालाई दिने आर्शीवादमा सुख सयलको कामना गरिन्छ ।

माता तीर्थमा गएर मृत्युलाई वरण गरेको आमाको आत्माले शान्ति पाओस् भन्ने कामना गरिन्छ । मातातीर्थ विकास समितिले मातातीर्थको आसपासमा सफा सुग्घर गर्ने काम गर्दछन् । श्रद्वालु भक्तजनहरूका लागि शान्ति सुरक्षाको पनि व्यवस्था मिलाइएको हुन्छ । काममा सहजताको लागि विभिन्न उपसमितिहरू पनि गठन गरिएको हुन्छ ।

मातातीर्थ औंसी भनेको के हो ?

मातातीर्थ औंसीको सम्बन्धमा एउटा प्रख्यात कहावत पनि सुन्न पाईन्छ । एक युवक आफ्ना मातातीर्थको कुण्ड नजिक बसेर खाना खान लाग्दा थोरै परिकार कुण्डमा खस्यो । त्यो खाना लिन जांदा आफ्नो मरेको आमाले उक्त खाना लिएर खाइन । आमाको आवरण पानीमा देखिन थाल्यो । क्रमिकरूपले मानिसहरू मातातीर्थको दिन स्नान गरि विभिन्न परिकार, वस्त्रहरू दान गर्नाले आमाले पाउनु हुन्छ भन्ने धारणा बिकास हुन गएको किम्बदन्ती रहन गएको पाईन्छ । त्यस्तैगरी गाईको आवरण देखिएको किम्वदन्ती पनि सुन्न पाईन्छ । यसको साथै अर्को तर्क पनि छ कि एकदिन एउटी महिला मातातीर्थ कुण्डमा हाम फाल हालिन् । उनको आत्मा वर्षको एक पटक आएको विश्वास पनि गरिन्छ ।

आमा दिवस :

मातातीर्थ औंसी नेपालमा विभिन्न किसिमबाट मनाइन्छ । हजारौ मानिसहरू मातातीर्थमा जम्मा हुन्छन् । यो एक पवित्र धार्मिक स्थल हो । त्यहाँ रहेको धार्मिक कुण्डमा पुजा-आजा हुने गर्दछन् । गाउंघरका मानिसहरू स्थानीय परिकार बनाई आमालाई खाना खान दिएर आर्शीवाद लिने काम गर्दछन् । यस दिनमा उपत्यकाभित्रका विवाहित छोरीहरूले आमालाई विभिन्न किसिमका उपहार दिन्छन् । त्यस्ता उपहारमा मिठाई, फलफूल, अण्डा, मासु खुवाउने काम गर्दछन् । आमाको आवरण हेर्दछन् । आमाप्रति गहिरो प्रेम र माया देखाउंछन् ।

त्यही वा त्यस अवसरमा आमालाई टिका पनि लगाई दिन्छन् । सगुणका रूपमा अण्डा, माछा, मासु आदी खान दिन्छन् । यस पर्वले नेवार समुदायमा आमा-छोरीबिच गहिरो सम्बन्ध रहेको झल्को दिन्छ । माता तीर्थमा ५ वटा ढुंगेधाराहरू देख्न सकिन्छ । त्यहाँ एउटा मन्दिर पनि छ । मन्दिरको ढोका पूर्वतर्फ फर्केको छ । मन्दिर सानो छ तर शिखर स्टाइलमा बनेको छ । छानामा गजुर पनि छ । फलामेबारभित्र आमाको मूर्ति स्थापना गरिएको छ । वारदेखि पछाडि तीर्थयात्रीहरु बस्नका लागि साधारण धर्मशालासमेत बनाइएको छ । जंगलको फेदीमा मन्दिर छ र सोही नजिक पवित्र कुण्ड पनि छ । कुण्डको अगाडिपट्टि ढुंगा छापेको छ ।

मिति २०८३ सालको मातातीर्थ औंसी वैशाख महिनाको ४ गते शुक्रवारका दिन परेको थियो । जीवनमा सबैसंग सम्बन्ध तोड्न सकिन्छ । तर, आमासंग सम्बन्ध तोड्न सकिदैन । माता तीर्थ औसीबाट सबैमा सद्भाव, सत्कर्म, सद्विश्वासको भावना जागेर जाओस् । आमाप्रति सद्भाव संधै कायम रहीरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

आमाले सदैव आफ्ना सन्तानप्रति ध्यान दिएकै हुन्छन् । आमाले सन्तानको स्याहारसुसार गर्ने क्रममा भोक, निन्द्रा, धन सम्पति, स्वास्थ्यको समेत वास्ता गरेको हुदैनन् । सन्तानको कसरी राम्रो हुन सक्दछ, त्यति मात्र सोच आउन सक्दछ आमाको मनमा ।

नेपाली औषधि उद्योग :

# सम्भावनाका पाटाहरू

नेपालमा औषधि उद्योगको इतिहास करिब चार दशक लामो भइसकेको छ । करिब ३५-४० वर्षको यो यात्रामा नेपाली औषधि उद्योगहरूले केवल स्वास्थ्य सेवामा मात्र नभई मुलुकको अर्थतन्त्रमा पनि उल्लेख्य योगदान पुऱ्याउँदै आएका छन् । हाल यो क्षेत्रले प्रत्यक्षरूपमा १५ हजारभन्दा बढी व्यक्तिलाई रोजगारी प्रदान गरेको छ भने ७० अर्ब रुपैयाँभन्दा बढीको बैंकिङ ऋण परिचालन गरेर वित्तीय क्षेत्रलाई समेत चलायमान बनाइ-रहेको छ । उद्योगीको मुनाफाबाट प्राप्त हुने राजस्व र वितरण शृंङलामार्फत् श्रृजना हुने हजारौं रोजगारीका कारण अन्य क्षेत्रको तुलनामा औषधि यही महत्त्वलाई बुझेर नेपाल सरकार र राष्ट्र बैंकले पनि यसलाई प्रवर्द्धन गर्नुपर्ने 'टप ५' उद्योगको सूचीमा राखेका छन् ।

*Lab expo 2026*

बजारको अवस्था र नेपाली उद्योगको उपस्थिति नेपालमा औषधिको समग्र वार्षिक बजार १ खर्ब रुपैयाँभन्दा बढीको रहेको अनुमान छ । यसमध्ये भ्याक्सिन र सर्जिकल सामग्रीबाहेकको औषधिको मात्र बजार करिब ७० अर्ब रुपैयाँ बराबरको छ, जसमा नेपाली उद्योगहरूले ५० प्रतिशत हिस्सा ओगट्न सफल भएका छन् । यद्यपि, नेपाली उद्योगहरूले धेरै प्रकारका औषधि उत्पादन गरिरहेको भए पनि कतिपय जटिल र नयाँ प्रविधिका औषधिहरू अझै उत्पादन हुन सकेका छैनन् । राज्यले उपयुक्त वातावरण र सहयोग उपलब्ध गराउने हो भने नेपाली उद्योगीहरू त्यस्ता जटिल औषधिहरू पनि सहजै बनाउन सक्ने क्षमता राख्दछन् ।

नीतिगत सुधार र सरकारी सहयोगको आवश्यकता स्वदेशी उद्योगको ५० प्रतिशत बजार हिस्सालाई अझै विस्तार गरी ८० प्रतिशतसम्म पुऱ्याउन सरकारले केही ठोस नीतिगत कदम चाल्न आवश्यक छ । सबैभन्दा महत्वपूर्ण विषय 'कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ' (करार उत्पादन) को प्रणाली लागू गर्नु हो । यो व्यवस्था हुनासाथ विदेशबाट आयात भइरहेका धेरै औषधिहरू नेपालमै बन्न थाल्नेछन्, जसले प्रविधि हस्तान्तरणमा समेत ठूलो मद्दत पुऱ्याउनेछ ।

यसका साथै, नेपाली औषधिलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सरकार-सरकारबीच (जिटूजी) छलफल र वाणिज्य सन्धिहरू हुन जरुरी छ । निर्यातमा प्रोत्साहन, अत्याधुनिक ल्याब निर्माण, विद्युत् महसुलमा सहुलियत र सस्तो ब्याजदरमा ऋण जस्ता सुविधाहरूले यो क्षेत्रलाई थप ऊर्जा दिनेछन् । तत्कालका लागि सरकारले 'औषधि औद्योगिक क्षेत्र' (फार्मा पार्क) घोषणा गरेर बिजुली तथा यातायातको विशेष व्यवस्था गरिदिने हो भने उद्योगहरूको कार्यक्षमतामा आमूल परिवर्तन आउने निश्चित छ ।

*उत्पादनको जटिलता र दायित्व :*

औषधि उत्पादन आफैंमा एक संवेदनशील र लामो प्रक्रिया हो । एउटा औषधि तयार पार्न १८ देखि २० प्रकारका कच्चा पदार्थ, प्याकिङ सामग्री र रासायनिक वस्तुहरू आवश्यक पर्छन् । उत्पादन भइसकेपछि पनि यसको 'एक्सपायरी डेट' नसकिंदासम्म प्रत्येक तीन-तीन महिनामा गुणस्तर परीक्षण गरिरहनुपर्ने दायित्व र खर्च उद्योगले नै बेहोर्नु पर्नेछ । बजारमा पठाएदेखि म्याद सकिएर नष्ट गर्दासम्मको सम्पूर्ण आर्थिक भार उद्योगकै हुन्छ ।

: समाप्त :

# पृथ्वीको रक्षा र मानवताको दायित्व



**विश्वनाथ खरेल**

विश्व पृथ्वी दिवस एक विश्वव्यापी पर्याव-रण संरक्षण अभियानको रूपमा मनाइन्छ, जसको मुख्य उद्देश्य पृथ्वीको प्राकृतिक प्रणालीका बारेमा जनस्तरबाट चेतना जगाउनु र वातावरणमैत्री व्यवहार अपनाउन प्रेरित गर्नु हो । यो दिन श्रृजनात्मक र शैक्षिक कार्यक्रम, वृक्षारोपण, प्रदूषित उपकरण तथा रसायनहरूको उपयोग सीमित गर्ने अभियान एवम् ऊर्जा बचत र जलवायु सचेतना सम्बन्धि कार्यशालाहरूको अवसरका रूपमा प्रयोग हुन्छ । पृथ्वी हाम्रो साझा घर हो, जसले हामीलाई अक्सिजन, पानी, भोजन र बाँच्नका लागि आवश्यक सम्पूर्ण स्रोतहरू प्रदान गर्छ । तर, बढ्दो आधुनिकीकरण र मानवीय गतिविधिका कारण आज हाम्रो पृथ्वी संकटमा छ । यही संकट प्रति सचेत गराउन र यसको संरक्षणका लागि विश्वभरि नै विश्व पृथ्वी दिवस मनाइन्छ ।

विश्व पृथ्वी दिवस प्रत्येक वर्ष अप्रिल २२ तारिखका दिन मनाइन्छ । यो दिवस पृथ्वीको पर्यावरणीय संरक्षण, जागरूकता अभिवृद्धि र दिगो विकासका लागि समर्पित छ । यो केवल एउटा उत्सव होइन, बरु आधुनिक पर्यावरणीय आन्दोलनको प्रतीक हो, जसले विश्वभरका अर्बौं मानिसलाई एकजुट गर्छ ।

नेपालमा यो दिवस विभिन्न कार्यक्रम गरेर मनाइन्छ । विद्यालयहरूमा ऱ्याली, वृक्षारोपण, सफाइ अभियान र जागरूकता कार्यक्रमहरू आयोजना गरिन्छन् । यो दिवसले हामीलाई सम्झाउँछ कि हिमालयको सुन्दरता, खोला-नदीहरूको प्रवाह र जैविक विविधता जोगाउनु हाम्रो कर्तव्य हो । हाम्रो जस्तो हिमाली देशमा हिमनदी पग्लनु, वायु प्रदूषण र वन संरक्षण प्रमुख चुनौती हुन् । सन् १९९२ मा ब्राजिलको रियो दि जेनेरियोमा संयुक्त राष्ट्रसंघले आयोजना गरेको पृथ्वी सम्मेलनले विश्व पृथ्वी दिवसको विचार-लाई अन्तर्राष्ट्रिय नीतिगत र अन्तरसरकारी कार्यक्रमको रूपमा अगाडि बढायो ।

यहाँको दिगो विकास, जलवायु परिवर्तन, जैविक विविधता र पर्यावरणीय न्यायको विषय लाई औपचारिकरूपमा वैश्विक एजेण्डामा स्थान दिइयो । सन् २००९ मा संयुक्त राष्ट्र संघको ६३ औं महासभाले अप्रिल २२ लाई आधिकारिक रूपमा विश्व पृथ्वी दिवसको तारिखका रूपमा मान्यता दिएपछि यो दिवस लगभग १ सय ९० भन्दा बढी देशमा नियमितरूपमा मनाइँदै आएको छ । विश्व पृथ्वी दिवस मनाउने प्रमुख कारण पृथ्वीको बढ्दो प्रदूषण, जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र मानवद्वारा गरिँदै गएका प्राकृतिक स्रोत दोहनले उत्पन्न गरेका विकराल समस्यालाई जनस्तरमा चिन्हित गरी समाधानको दिशामा गतिशील बनाउनु हो । यसले मानिसलाई के ज्ञान दिन्छ भने पृथ्वी प्राकृतिक स्रोतको भण्डार मात्र नभएर जीवनको आधारभूत आवास र प्रणाली पनि हो ।

विश्व पृथ्वी दिवसको सुरुवात सन् १९७० मा भएको थियो । यसको मुख्य प्रणेता अमेरिकी सिनेटर गेलर्ड नेल्सन थिए । उनी विस्कन्सिन राज्यबाट सिनेटर थिए र पर्यावरणीय मुद्दाहरूप्रति अत्यन्त चिन्तित थिए । सन् १९६० को दशकमा अमेरिकामा औद्योगिक विकासले गर्दा वाताव-रणीय प्रदूषण बढेको थियो ।

कारखानाले विषाक्त धूवाँ फाल्थे, नदी प्रदूषित थिए र जनस्वास्थ्यमा असर परिरहेको थियो । तर, सरकार र जनताले यसलाई गम्भीररूपमा लिइरहेका थिएनन् । यसमा नेल्सनले भियतनाम युद्धविरोधी टिच-इन कार्यक्रमबाट प्रेरणा लिए । उनले सोचे, यदि युद्धविरोधी आन्दोलन सफल हुन सक्छ भने पर्यावरण संरक्षणका लागि पनि यस्तै ठूलो आन्दोलन गर्न सकिन्छ । सन् १९६९ मा उनले पर्यावरणीय टिच-इनको अवधारणा प्रस्तुत गरेका थिए । युवा कार्यकर्ता डेनिस हेयेसलाई यसको नेतृत्व सुम्पिए । २२ अप्रिल १९७० मा पहिलो पृथ्वी दिवस मनाइयो । त्यस दिन अमेरिकाभरि २ करोडभन्दा बढी मानिस सडकमा उत्रिए ।

विश्वविद्यालय, विद्यालय र समुदायहरूमा ऱ्याली, व्याख्यान र प्रदर्शनहरू भए । यो अमेरिकी इतिहासको सबैभन्दा ठूलो नागरिक प्रदर्शनमध्ये एक थियो । पहिलो पृथ्वी दिवसको प्रभाव तत्काल देखियो । त्यही वर्षको अन्त्यसम्म अमेरिकामा पर्यावरण संरक्षण एजेन्सी स्थापना भयो । स्वच्छ हावा ऐन, स्वच्छ पानी ऐन, खतरा प्रजाति ऐनजस्ता महत्वपूर्ण कानुनहरू पारित भए । यी कानुनले कारखानालाई प्रदूषण नियन्त्रण गर्न बाध्य बनाए र पर्यावरणीय संरक्षणलाई संस्थागत रूप दिए ।

सन् १९९० मा डेनिस हेयेसले पुनः नेतृत्व गर्दै विश्वव्यापी पृथ्वी दिवस आयोजना गरे । १ सय ४० भन्दा बढी देशमा यो दिवस मनाइयो र २ सय मिलियनभन्दा बढी मानिसहरू सहभागी भए । संयुक्त राष्ट्रसंघले पनि यसलाई मान्यता दियो । सन् १९७० को पृथ्वी दिवसलाई आधुनिक पर्याव-रणीय आन्दोलनको जन्मदिन मानिन्छ । अर्कातर्फ, शान्ति कार्यकर्ता जोन म्याककोनेलले सन् १९६९ मा युनेस्को सम्मेलनमा मार्च २१ लाई पृथ्वी दिवसको रूपमा प्रस्ताव गरेका थिए । तर, नेल्सनको अप्रिल २२ को मिति बढी लोकप्रिय भयो, किनकि यो अमेरिकामा विश्वविद्यालयहरूको परीक्षा अवधि बाहिर पर्थ्यो र सहभागिता बढाउन सजिलो थियो । आज पृथ्वी दिवसद्वारा समन्वय गरिन्छ । यो संस्थाले विश्वभरका कार्यक्रमहरू आयोजना गर्छ । नेपालमा पनि विभिन्न गैरसरकारी संस्था, विद्यालय र स्थानीय समुदायले यो दिवस मनाउँछन् ।

विश्व पृथ्वी दिवस मनाउनुका धेरै कारण छन् । पहिलो र मुख्य कारण हो, पर्यावरणीय जागरुकता फैलाउनु । सन् १९७० अघि मानिसहरूले प्रकृतिलाई असीमित स्रोत ठानेका थिए । प्रदूषणलाई सामान्य मानिन्थ्यो । पृथ्वी दिवसले यो सोचलाई बदल्यो । यसले जनतालाई शिक्षित गर्छ कि पृथ्वीको स्वास्थ्य हाम्रो स्वास्थ्यसँग जोडिएको छ । दोस्रो कारण हो, राजनीतिक दबाब श्रृजना गर्नु । सन् १९७० को आन्दोलनले सरकारहरूलाई पर्याव-रणीय कानुन बनाउन बाध्य बनायो । आज पनि यो दिवसले नीति-निर्माताहरूलाई दबाब दिन्छ, जलवायु परिवर्तन, प्लाष्टिक प्रदूषण र जैविक विविधता संरक्षणमा ठोस कदम चाल्न । तेस्रो, यो दिवसले समुदायहरूलाई एकजुट गर्छ । व्यक्तिगतस्तरमा मानिसले वृक्षारोपण, सफाइ, ऊर्जा बचतजस्ता कार्य गर्न सक्छन् ।

सामूहिक रूपमा यो दिवसले अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन दिन्छ । उदाहरणका लागि, पेरिस जलवायु सम्झौता (२०१६) को हस्ताक्षर पृथ्वी दिवसको दिन नजिकै भएको थियो । चौथो कारण हो, शिक्षा र युवा संलग्नता । विद्यार्थीले यो दिवसमा प्रकृतिबारे सिक्छन् । उनीहरूले दिगो जीवनशैली अपनाउने बानी बसाल्छन् । नेपालजस्ता विकासशील देशहरूमा यो दिवसले जलवायु न्यायको मुद्दा उठाउँछ, किनकि हामीले कम प्रदूषण गऱ्यौं तर बढी प्रभावित छौं । पाँचौं, यो दिवसले आशा र प्रेरणा दिन्छ । पर्यावरणीय समस्याहरू डरलाग्दा छन् तर समाधान सम्भव छ । नवीक-रणीय ऊर्जा, वन संरक्षण र हरित प्रविधिले पृथ्वी बचाउन सक्छ ।

*साभार : कारोवार दैनिक*

# "जनताको दुःख देखेपछि मुख्यमन्त्री बानियाँको अडान :



हेटौंडा/बागमती प्रदेश सरकारअन्तर्गत श्रम, रोजगार तथा यातायात मन्त्रालयले सवारीचालक अनुमतिपत्र (लाइसेन्स) सेवा प्रवाहलाई प्रविधिमैत्री, सेवाग्राहीमैत्री र गुनासोरहित बनाउने उद्देश्यसहित विस्तृत छलफल कार्यक्रम आयोजना गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा यातायात व्यवस्था कार्यालयहरूबाट भइरहेको सेवा प्रवाहमा देखिएका समस्याहरूको समीक्षा गर्दै सुधारका ठोस उपायहरूबारे संयुक्त प्रस्तुतीकरण गरिएको थियो।

कार्यक्रममा सेवा प्रवाहका वर्तमान प्रक्रियागत चरणहरू, सुधारका कानुनी तथा प्रशासनिक आधार, क्षेत्रगत समस्याहरू तथा तत्काल सुधार गर्न सकिने विषयहरूमा गहन छलफल भएको थियो। साथै सेवा सरलीकरण, प्रविधिको अधिकतम प्रयोग, भिडभाड नियन्त्रण र विचौलिया अन्त्यका लागि आवश्यक ऐन, नियम, कार्यविधि, परिपत्र तथा Software र Application मार्फत् गर्न सकिने सुधारका क्षेत्रहरू पनि पहिचान गरिएको थियो।

छलफलमा कार्यान्वयनका लागि सम्बन्धित निकायहरूको जिम्मेवारी निर्धारण गर्दै नागरिकले प्राप्त गर्ने सेवामा सहजता, पारदर्शिता र विश्वसनीयता अभिवृद्धि गर्ने लक्ष्य राखिएको जनाइएको छ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ प्रमुख अतिथिका रूपमा सहभागी रहेका थिए। त्यसैगरी आर्थिक मामिला तथा योजना मन्त्री प्रभातकुमार तामाङ र श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापा विशिष्ट अतिथिका रूपमा उपस्थित थिए।

यसैगरी बागमती प्रदेश सरकारका प्रमुख सचिव बाबुराम अधिकारी, मुख्यमन्त्री कार्यालयका सचिवद्वय रामबाबु पुरी र बाबुराम गौतम, श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिव बलराम भुसाल लगायत मन्त्रालयअन्तर्गतका सबै कार्यालय प्रमुखहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रमबाट यातायात सेवा प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र नागरिकमैत्री बनाउने दिशामा ठोस नीतिगत तथा कार्यान्वयनयोग्य सुधारका उपायहरू अघि बढाइनेछ।

# संरचनागत संकट र नीतिगत कमजोरीले अन्योलमा नेपाली खेलकुद







काठमाडौं/युवा तथा खेलकुद समेतको जिम्मेवारीमा रहे पनि मन्त्री सस्मित पोखरेलको प्राथमिकता शिक्षामै बढी केन्द्रीत देखिन्छ। उनले लिएका निर्णय मूलतः शिक्षा मन्त्रालयसँगै जोडिएका छन्, खेलकुद उपेक्षामा छ।

खेलकुद मन्त्रालय अलग्गै नहुँदा नीति स्पष्टता र नेतृत्व अभावले दीर्घकालीन योजना, बजेट व्यवस्थापन र अन्तर्राष्ट्रिय तयारी प्रभावित भएका छन्। राखेप र एन्फाबीच विवादले फुटबललगायत विभिन्न खेलकुद संघहरूमा अस्थिरता बढाएको छ र खेलाडीहरूले घोषणा गरिएका पुरस्कार पाएका छैनन्। राष्ट्रिय खेलकुद परिषद् (राखेप) वैकल्पिक नेतृत्वको भरमा चलेको पाँच महिना पुग्न लाग्यो। आगामी २० औं एसियाली खेलकुदमा नेपाली खेलाडीको सहभागिता अझै अन्योलमै छ। १०औं राष्ट्रिय खेलकुद अनिश्चित छ भने राखेपसँगको विवादमा एन्फा निलम्बनमा छ। अन्य विभिन्न खेल संघहरूभित्रका विवाद पनि सघन बनिरहेका छन्।

देशको प्रतिनिधित्व गर्दै पदक प्राप्त गर्दा सरकारले घोषणा गरेका नगद पुरस्कार खेलाडीले पाएका छैनन्। बालेन सरकार बनेपछि विगत सरकारका कमजोरी सच्चिने र घोषित पुरस्कार तत्कालै वितरण हुने आशामा रहेका खेलाडी निराश हुँदैछन्।

नेपाली खेलक्षेत्रको वर्तमान निराशालाई उजागर गर्ने यी केही उदाहरण मात्र हुन्। यो भन्न सकिन्छ, झन्डै दुईतिहाइ बहुमतनजिक पुगेको प्रचण्ड बलियो सरकारका बाबजुद नेपाली खेलकुद क्षेत्र अन्योलमै देखिन्छ। खेलकुदमा अस्थिरता छ। यद्यपि, सरकार प्रारम्भिक दिनमै रहेकाले बालेन नेतृतवको सरकारले खेलकुद क्षेत्रले काँचुली फेर्न महत्वपूर्ण निर्णय लिने अपेक्षा भने खेलकर्मीहरूमा कायमै छ।

अहिले नेपाली खेलकुदमा नीतिगत स्पष्टता छैन। खेलकुद क्षेत्र हाँक्ने कुशल नेतृत्वको अभाव छ। त्यसको अभावमा समग्र खेलकुद संरचना नै कमजोर बन्दै गएको छ।

नेपाली खेलकुदमा अहिले देखिएका समस्याहरूको सूची लामो छ, जसले गर्दा खेलकुद विकासमा दीर्घकालीन रूपमै असर गरिरहेको छ। त्यसमा पनि तत्काल समाधान गर्नुपर्ने समस्याहरू धेरै छन्। नेपाली खेलकुदलाई एउटा ठोस गतिमा अघि बढाउन यी समस्या तत्काल हल गर्नुपर्छ।

नेपाली खेलकुद क्षेत्रको मूल नेतृत्वका रूपमा रहने युवा तथा खेलकुद मन्त्रालय अलग्गै नहुँदा सबैभन्दा ठूलो समस्या पर्ने देखिन्छ। मन्त्रालय मर्जरको प्रारम्भिक समय भएकाले पनि हुन सक्छ, सबै अन्योलमा देखिन्छन्। के गर्ने, कसरी अघि बढ्ने भन्ने स्पष्ट दिशा छैन। स्थायी र जिम्मेवार नेतृत्व नहुँदा दीर्घकालीन योजना, अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको तयारी, बजेट व्यवस्थापन र संस्थागत सुधारका कामहरू प्रभावित भएका छन्।

एकीकृत मन्त्रालयको नेतृत्व सस्मित पोखरेलले गरिरहेका छन्। युवा तथा खेलकुदसमेतको जिम्मेवारीमा रहे पनि मन्त्री पोखरेलको प्राथमिकता शिक्षामै बढी केन्द्रीत देखिन्छ। मन्त्री बनेयता उनले लिएका निर्णय मूलतः शिक्षा मन्त्रालयसँगै जोडिएका छन्, खेलकुद उपेक्षामा छ।

यसले युवा तथा खेलकुदलाई अलग्गै मन्त्रालयका रुपमा राख्नुपर्ने बहस गर्नेहरुलाई बल मिलेको छ। लाखौं युवा, तिनका कठोर मेहनत र सपना मात्र होइन, युवा शक्तिलाई अनुशासित बनाई राष्ट्रको गौरव थप उँचो राख्ने अभिभारा बोकेको युवा तथा खेलकुद मन्त्रालय हतारमा गाभियो भन्ने स्वर बढ्दै गएको छ।

छुट्टै मन्त्री नियुक्त नहुँदा खेलकुद क्षेत्र चलायमान बनाउन कठिन देखिएको छ। खेलकुदलाई कसरी अघि बढाउने भन्ने नीति तय गर्न मै मन्त्रालय अन्योलमा छ। मन्त्रालयमा स्पष्ट दृष्टिकोण नहुँदा खेलकुद नीतिहरू कार्यान्वयनमा कमजोर देखिन्छन्।

विगत हेर्ने हो भने नेपाली खेलकुदमा सही नेतृत्वको अभावमा ठूला सम्भावनाहरू पनि खेर गएका प्रशस्तै उदाहरण छन्। मन्त्रालयपछि नेपाली खेलकुदको कार्यकारी निकायका रूपमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) छ। तर राखेपमा पनि नेपाली खेलकुदलाई कसरी अघि बढाउने भन्ने स्पष्टता देखिएको छैन।

# स्वास्थ्यमा ९७४ पुल दरबन्दी थप गर्ने गृहकार्य



काठमाडौं/सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत रहने गरी विभिन्न विधामा ९७४ वटा 'पुल दरबन्दी' थप गर्ने प्रक्रिया अगाडि बढाएको छ। विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत, नर्स तथा अन्य स्वास्थ्यकर्मीलाई समेट्ने गरी संघीय मन्त्रालय मातहत रहने यी दरबन्दीका विषयमा अहिले स्वास्थ्य र अर्थ मन्त्रालयबीच सघन छलफल भइरहेको छ।

स्वास्थ्य मन्त्रालयले फाइल तयार पारेर अर्थमा पठाएपछि आज पनि दुई मन्त्रालयका अधिकारीहरूबीच यसको प्रशासनिक र वित्तीय पक्षबारे छलफल चलिरहेको अर्थ मन्त्रालयका एक उच्च तहका कर्मचारीले जानकारी दिए।

'स्वास्थ्य मन्त्रालय अन्तर्गत रहने गरी अहिलेलाई ९७४ जानको पुल दरबन्दीका विषयमा छलफल भइरहेको छ,' उनले भने, ' मन्त्रालयले ती जनशक्तिलाई आवश्यकता अनुसार अस्पताल तथा स्वास्थ्य संस्थामा खटाउने गरी दरबन्दी थप गर्न लागिएको हो।' उनले कुन पदमा कति जनशक्ति थप गर्न लागेको भन्ने विषय भने खुलाउन चाहेनन्।

स्वास्थ्य क्षेत्रमा कम्तिमा १ लाख जनशक्ति आवश्यक रहेको विज्ञहरूको दाबी छ। तर, हाल स्वास्थ्य सेवामा करिब ३२ हजारको मात्र पुरानो दरबन्दी छ। त्यसमा पनि करिब ५ हजार दरबन्दी रिक्त हुँदा सेवा प्रवाहमा ठूलो चाप परेको स्वास्थ्यका कर्मचारीहरुले बताउँदै आइरहेका छन्।

जनशक्ति थपका लागि स्वास्थ्यले पटक-पटक फाइल पठाए पनि अर्थ मन्त्रालयले विभिन्न बहानामा रोक्ने गरेको विगतको तितो अनुभव छ।

यसअघि प्रदीप पौडेल स्वास्थ्य मन्त्री हुँदा ५ वर्षमा १२ हजार र पहिलो वर्ष २१ सय २ जनशक्ति थप्ने योजना अर्थले पुनरावलोकनको नाममा अल्झाइदिएको थियो।

सरकारी तथ्यांक अनुसार करार र विकास समितिसहित देशभर ३८,१०१ स्वास्थ्यकर्मी कार्यरत छन्। प्रदेशगत रूपमा कोशीमा सबैभन्दा बढी (६,५२५) र कर्णालीमा सबैभन्दा कम (४,२५५) जनशक्ति छन्।

तर, भएको दरबन्दी पनि पदपूर्ति हुन सकेको छैन। उदाहरणका लागि, ३ सय शय्याको डडेल्धुरा अस्पतालमा ४७ विशेषज्ञको दरबन्दी भए पनि मेसु बाहेक सबै पद रिक्त छन्। त्यहाँ अहिले छात्रवृत्ति करारका चिकित्सकका भरमा सेवा चलिरहेको छ। सुदूरपश्चिम र कर्णालीमा सन् २०१५ को तुलनामा २०२१ मा विशेषज्ञ चिकित्सकको उपलब्धता झनै घटेको 'हेल्थ फ्यासिलिटी सर्भे'ले देखाउँछ।

विश्व स्वास्थ्य संगठनले प्रति एक हजार जनसंख्या बराबर एक चिकित्सक हुनुपर्ने सुझाव दिएको छ। तर, नेपालको २ करोड ९१ लाख जनसंख्याका लागि सरकारी सेवामा मात्र १ हजार ९१६ चिकित्सकको दरबन्दी छ, जुन मापदण्डभन्दा १६ गुणा कम हो।

भएका चिकित्सकहरू पनि अध्ययन बिदा र प्रशासनिक काममा हुँदा अस्पतालमा बिरामीले शल्यक्रियाका लागि वर्षौं कुर्नुपर्ने र एउटै चिकित्सकले सयौं बिरामी हेर्नुपर्ने बाध्यता छ।

## विद्यार्थीलाई सार्वजनिक सवारीमा ४५ प्रतिशत् छुट

**काठमाडौं/नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत् यातायात व्यवस्था विभागले विद्यार्थीहरुलाई सार्वजनिक सवारीमा ४५ प्रतिशत् छुटसुबिधा उपलब्ध गराउन निर्देशन दिएको छ। विभागले हालै जारी गरेको पत्रमार्फत् यातायात व्यवसायी तथा सम्बन्धित संघसंस्थाहरूलाई उक्त सुबिधा प्रभावकारीरुपमा कार्यान्वयन गर्न आग्रह गरेको हो।**

**विभागका अनुसार असोज ११ गते बसेको बैठकले विद्यार्थीहरुलाई सवारीभाडामा छुट दिने निर्णय गरेको थियो। निर्णयअनुसार देशभरका सार्वजनिक सवारीसाधनमा विद्यार्थीहरुले ४५ प्रतिशत्सम्म भाडाछुट पाउने व्यवस्था गरिएको छ।**

**पत्रमा भनिएको छ–नेपाल सरकारका विभिन्न प्लेटफर्म (जस्तै हेलो सरकार र गुनासो पोर्टल) मार्फत् विद्यार्थीहरुले छुटसुबिधा नपाएको गुनासो बढ्दोरुपमा आएको छ। यसले निर्णय कार्यान्वयनमा कमजोरी देखिएको संकेत गरेको भन्दै विभागले सबै सरोकारवालालाई तत्काल ध्यान दिन निर्देशन दिएको छ।**

**यातायात व्यवस्था विभागले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, सार्वजनिक यातायात केन्द्रीय महासंघ तथा साझा यातायात सहकारी संस्था लिमिटेडलाई पत्राचार गर्दै विद्यार्थीहरुलाई उपलब्ध गराइने छुटसुबिधा सुनिश्चित गर्न र सोको अनुगमनलाई प्रभावकारी बनाउन अनुरोध गरेको छ।**

**सरकारको निर्णयले विद्यार्थीहरुको आर्थिकभार केही हदसम्म कम गर्ने अपेक्षा गरिएको छ। तर, व्यवहारमा यसको पूर्ण कार्यान्वयन अझै चुनौतीपूर्ण देखिएको छ।**

# मकवानपुरमा चुलियो महँगी, सर्वसाधारणको जनजीवन कष्टकर



हेटौंडा/हेटौडा नागरिकको दैनिकी हिजो आज महँगीको मारले थप कष्टकर बन्दै गएको छ। दैनिक उपभोग्य वस्तुदेखि यातायातसम्मको मूल्य वृद्धि भएपछि यहाँका सर्वसाधारण प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। मकवानपुरको हेटौंडा बजार सहित सबै स्थानीय तहका बजारहरुमा आम उपभोक्ताहरुले महगीको मार खेप्नुपरेको छ।

पछिल्लो समय अन्तर्राष्ट्रिय घटनाक्रमले पेट्रोलियम पदार्थको मूल्यमा परेको प्रभावले स्थानीय बजारमा व्यापक असर देखिएको छ। इन्धनको मूल्य बढेसँगै ढुवानी खर्च महँगिँदा त्यसको प्रत्यक्ष असर खाद्यान्न, तरकारी, फलफूल र अन्य उपभोग्य वस्तुमा परेको हेटौंडाका व्यापारीहरू बताउँछन्।

मकवानपुरका बजार क्षेत्रमा पछिल्लो समय तरकारी, चामल, दाल, तेललगायत अत्यावश्यक वस्तुको मूल्य मृद्धी भएर समस्या पर्दै गएको हेटौंडा-४ का उपभोक्ता श्याम सापकोटा बताउँछन्। बजारमा पाइने दैनिक उपभोग्य सामान, खाद्यान्नका सामानहरुसंगै फलफूलको मूल्य पनि आकासिएको छ। विशेषगरी केरा, स्याउ र सुन्तलाजस्ता फलफूलको मूल्य वृद्धि हुँदा सर्वसाधारणको भान्सा महँगिएको उपभोक्ताहरु बताउँछन्।

तर, उपभोक्ताले चर्को मूल्य तिरे पनि किसानले भने उत्पादनको उचित मूल्य नपाएको गुनासो बढ्दो छ। बारीमा सस्तोमा बिक्री गर्न बाध्य किसान र बजारमा महँगोमा किन्न बाध्य उपभोक्ताबीचको अन्तरले बजार व्यवस्थापनमा कमजोरी देखिएको स्थानीयहरूको भनाइ छ।

व्यापारीहरू भने ढुवानी खर्च, भाडा वृद्धि र आपूर्ति व्यवस्थापनमा आएको समस्याका कारण मूल्य बढेको दाबी गर्छन्। तर, उपभोक्ता अधिकारकर्मीहरू बजार अनुगमन कमजोर हुँदा बिचौलियाको चलखेल बढेको बताउँछन्। सरकारका सम्बन्धित निकायले बजार अनुगमनलाई प्रभावकारी बनाउन नसक्दा कालोबजारी र कृत्रिम अभावजस्ता समस्या बढ्दै गएको आरोप लाग्दै आएको छ। मकवानपुरमा महँगी नियन्त्रणका लागि स्थानीय प्रशासन र सम्बन्धित निकाय सक्रिय हुनुपर्ने माग सर्वसाधारणले गरेका छन्। अन्यथा, दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले यहाँका नागरिकको जीवनयापन अझ कठिन बन्दै जाने चिन्ता व्यक्त गरिएको छ।

## ज्योति वनद्धारा कृषक समूहलाई अनुदान वितरण



हेटौंडा/हेटौंडा उपमहानगरपालिका वडा नं. १८ ठूलोदमारमा रहेको ज्योति सामुदायिक वन उपभोक्ताले विभिन्न कृषक समूहहरुलाई अनुदान सहयोग उपलब्ध गराएको छ। समूहले बुधबार एक कार्यक्रमको आयोजना गरी ५ वटा कृषक समूहहरुलाई अनुदान वितरण गरेको हो।

ज्योति वनको आर्थिक वर्ष २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत महिला सशक्तिकरण, गरिबी न्यूनिकरण कार्यक्रमभित्र रहेको लक्षितवर्गमा अनुदान शीर्षकमा आधारित रहेर कुल २ लाख ७० हजार रुपैयाँको अनुदान वितरण गरेको हो।

अनुदान प्राप्त गर्ने समूहहरुमा ज्योति महिला कृषक समूहलाई व्यवसायिक खुर्सानी खेतीका लागि रु.४५ हजार, प्रगतिशिल महिला कृषक समूहलाई बाखा पालनका लागि रु.४५ हजार, मिलिजुली विपन्न कृषक समूहलाई रु.४५ हजार त्यसैगरी लालीगुराँस महिला कृषक समूहलाई व्यवसायिक अदुवा खेतीका लागि रु.६० हजार र अन्नपूर्ण महिला कृषक समूहलाई व्यवसायिक बंगुर पालनका लागि रु. ७५ हजार रुपैयाँ अनुदान वितरण गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि एवं हेटौंडा १८ नं. का वडा अध्यक्ष अनिल कुमार बानियाँले उक्त अनुदान रकम बराबरको चेक समूहका अध्यक्ष एवं प्रतिनिधिलाई हस्तान्तरण गरे। कार्यक्रममा बोल्दै प्रमुख अतिथि बानियाँले वन जंगल जोगाएको प्रतिफलस्वरुप उपभोक्ताहरुले अनुदान पाउन सफल बताए। उनले अनुदानको सही सदुपयोग गर्न सहभागीहरुलाई सुझावसमेत दिएका थिए, साथै सदुपयोग भएनभएको अनुगमनसमेत आफैं गर्ने जानकारी गराए।

कार्यक्रममा वन समूहका लेखा समिति संयोजक इमानबहादुर थापाले अनुदानलाई बीऊ पुँजीको रुपमा परिचालन गर्न आवश्यक रहेको औंल्याए। आगामी दिनमा कसैसंग अनुदान लिन नपर्ने स्थितीमा पुग्न सफल होस् भन्दै शुभकामनासमेत दिए।

वन समूहका अध्यक्ष एवं कार्यक्रमका अध्यक्ष रामबाबु खतिवडाले सामुदायिक वन समूहहरुले आफ्नो बार्षिक कार्यक्रमभित्र कुल आम्दानीको ५० प्रतिशत महिला सशक्तिकरण, गरिबी न्यूनिकरण लगायतका कार्यक्रममा बजेट बिनियोजन गर्नुपर्ने नीतिका कारण अनुदान वितरण कार्यक्रम गरिएको स्पष्ट पारेका थिए।

समूहका उपाध्यक्ष रेखा खतिवडाले स्वागत मन्तव्य राखेको कार्यक्रममा कार्यसमिति पदाधिकारी, कृषक समूहका प्रतिनिधि एवं उपभोक्ताहरुको सहभागिता रहेको थियो।

# फेरि सार्वजनिक यातायातको भाडा बढाउने तयारी




काठमाडौं/सार्वजनिक सवारी साधनको भाडा फेरि बढाउने गरी गृह कार्य सुरु भएको छ। वैज्ञानिक प्रणालीअनुसार सार्वजनिक यातायातको भाडा समायोजन भएको दुई सातापछि पुनः भाडा बढाउने गरी तयारी गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा प्रस्ताव पेश गरेको हो। गत चैत २५ गते सरकारले वैज्ञानिक प्रणालीअनुसार सार्वजनिक सवारी साधानमा २२ प्रतिशतसम्म भाडा बढेको थियो। उक्त समयमा यात्रुवाहक सवारी १६.७१ प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारी २१.६८ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारी १५.७५ प्रतिशतले भाडा बढाएको थियो। भाडा समायोजनपछि दुई पटक गरी डिलेजमा प्रतिलिटर ५५ रुपैयाँ मूल्य वृद्धि भएको छ।

अहिले डिलेजको मूल्य प्रतिलिटर २३७ रुपैयाँ पुगेको छ। यस्तै, इन्धनमा १५ प्रतिशतको मूल्य घटी वा बढी हुँदा स्वचालित भाडा दर कायम हुने कार्यविधिमा उल्लेख छ। चैत २५ गतेपछि डिजेलमा ३० प्रतिशत मूल्य वृद्धि भएको छ।

## नामसारीको हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

*निवेदक: लोक बहादर माझी समेत जना ४ (छोरा।*
*ज.ध:: जोखे माझी भन्ने तुल बहादुर माझी (बुवा)*

**जिल्ला मकवानपुर साविक फापरवारी वडा नं. ४ को कि.नं. १ क्षे.फ. ज.वि. ०-१२-१३ जग्गाको जग्गा धनी जिल्ला सिन्धुली मरिण गाउंपालिका वडा नं. ३ नकली टोल बस्ने यस कार्यालयको ज.ध. प्रमाण पुर्जा/श्रेस्तामा जोखे माझी तथा ना.प्र.प. मा तुलबहादुर माझीको मिति २०६३/०६/१६ मा तथा निजको एक मात्र पत्नी सितामाया माझीको समेत मिति २०७४/०७/०२ गते मृत्यू भएको, निज मृतक दम्पतीबाट लोकबहादुर माझी...१, हस्तबहादुर माझी..१, जगतबहादुर माझी ..१ र विष्णुबहादुर माझी..१ गरी ४ (चार) छोराहरुको जागजन्म भएकोमा माथि उल्लेखित जिल्ला मकवानपुर साविक फापरवारी वडा नं. ४ को कि.नं. १ क्षे.फ. ज.वि. ०-१२-१३ जग्गा आफूहरुको नाममा संयुक्त नामसारी माग गरी जिल्ला सिन्धुली मरिण गाऊंपालिका वडा नं. ३ कार्यालयको च.नं. ९८ मिति २०७९/४/२५ तथा च.नं. १३७४ मिति २०८०/०२/१२ को किटानी नामसारी तथा जोखे माझी र तुलबहादुर माझी एकै व्यक्ति रहेको सिफारिस पत्र, साविक कल्पवृक्ष गाऊं विकास समितिको कार्यालय सिन्धुलीको च.नं. ४०४ मिति २०७१/११/१९ को एकै व्यक्ति सिफारिस पत्र, जिल्ला प्रशासन कार्यालय सिन्धुलीको च.नं. १२७८ मिति २०८३/०१/०४ को समेत जोखे माझी र तुलबहादुर माझी एकै व्यक्ति रहेको प्रमाणित कागजात, नाता प्रमाण पत्र प्रतिलिपी जग्गाधनी प्रमाण पुर्जा, मृत्यू दर्ता प्रमाण पत्रहरुको प्रतिलिपी समेत संलग्न राखी द.नं. २०५९० मिति २०८०/०३/०३ मा सहिसनाखतसहित उल्लेखित छोराहरु लोकबहादुर माझी...१. हस्तबहादुर माझी....१, जगतबहादुर माझी...१ र विष्णुबहादुर माझी..१ गरी ४ (चार) जनाबाट मागदावी निवेदन पेश भएको भई ब्यहोरा सहि सत्य हो भनि सही सनाखत भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको नाम, थर अन्यथा भएको भए वा जग्गाधनीका हकदारहरु निवेदक तथा मञ्जुरी दिनेबाहेक अरु कोही भए वा जग्गाधनीको पालनपोषण तथा काजकृया अरुले नै गरेको भए वा उल्लेखित जग्गामा अरु कोही कसैको हकभोग भएको भए वा निवेदकको माग दावीबमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन्।**


**श्री मालपोत कार्यालय, मकवानपुर**







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# घ्याङ्लेखको अनुहार फेर्दै प्रदेश सरकार

सन्देश संवाददाता



हेटौंडा/बागमती प्रदेश सरकारले मानवविकास सूचकांकमा पछि परेको सिन्धुलीको घ्याङ्लेख गाउँपालिकामा साढे १६ किलोमिटर सडक कालोपत्र र दुईवटा पक्की पुल निर्माण गरेको छ। प्रदेश सरकारको करिब ४७ करोड लगानीमा २५ किलोमिटर लामो पिपल भञ्ज्याङ–हायुटार–रामपुर सडकमध्ये साढे १६ किलोमिटर सडक साढे ५ मिटर चौंडा कालोपत्र भएको हो । घ्याङ्लेख–२ को ठाडीखोला र वडा–३ को तामाजोर खोलामा ४०/४० मिटर लामा दुईवटा पक्की पुल पनि निर्माण सम्पन्न भएका छन् ।

प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेशचन्द्र देबकोटाले नवनिर्मित कालोपत्र सडक र पुल उद्घाटन गरे । उनले मानवविकास सूचकांकमा पछि परेका घ्याङ्लेख, धादिङको रुविभ्याली र सिन्धुपाल्चोकको पाँचपोखरीमा मन्त्रालयले विशेष प्राथमिकता दिएर काम गरिरहेको बताए।

उनले घ्याङ्लेखको पूर्वाधार विकासका लागि थप ३५ करोड बजेटको प्रतिबद्धता जनाउँदै विकासमा दलीय स्वार्थभन्दा माथि उठ्न आग्रह गरे । जनताको जीवनस्तरमा आमूल परिवर्तन ल्याउन अन्य मन्त्रालयसँग सहकार्यमा गरेर लक्षित कार्यक्रम घोषणा गरिने मन्त्री डा. देबकोटाले बताए । 'जबसम्म विकासलाई जनताले आत्मसात् गर्दैनन्, तबसम्म त्यो वास्तविक विकास हुन सक्दैन । हामीले बनाएका यी संरचनाले यहाँको भुगोल र जनताको जीवनस्तरमा आमूल परिवर्तन ल्याउनुपर्छ,' उनले भने ।

प्रदेश सांसद् गंगानारायण श्रेष्ठले बागमती प्रदेशका ६६ निर्वाचन क्षेत्रमध्ये सबभन्दा पछि परेको क्षेत्रको पूर्वाधार विकासमा प्रदेश सरकारको विशेष ध्यान जानुपर्ने बताए । 'मानवविकास सूचकांकले देखाएको तथ्यांकले यहाँको अवस्था बोल्छ । यस क्षेत्रको विकासमा प्रदेश सरकारको विशेष ध्यान आवश्यक छ,' उनले भने ।

प्रदेश संरचनाकै कारण घ्याङ्लेखजस्तो विकट ठाउँ राजधानीसँग जोडिन सम्भव भएको बताउँदै प्रदेश सांसद् मातृकाप्रसाद भट्टराईले भौतिक विकाससँगै मानवीय चेतनाको विकासमा पनि जोड दिए । पूर्वाधार विकास कार्यालय सिन्धुलीका अनुसार २४ करोड ८८ लाखमा १०.२० किमी र १० करोड ८० लाखमा ६.३० किमीका दुई सडकखण्ड निर्माण भएका हुन् ।

११ करोड २८ लाख लागतमा दुई वटा पक्की पुलसमेत निर्माण सम्पन्न भएका छन् । यी योजनाको म्याद २०८३ सालसम्म भए पनि तोकिएको समयअगावै काम सम्पन्न भएको कार्यालयले जनाएको छ । समयमै काम सम्पन्न गरेकोमा निर्माण व्यवसायीहरुलाई सम्मानपत्र प्रदान गरिएको थियो । पुल निर्माण तर्फ सिर्जना निर्माण सेवा, सिन्धुली तथा सडक कालोपत्रतर्फ जयबाबा गोरख–सारस–बालकोट जेभी र सञ्जीव–सिन्धुली जेभीकालाई सम्मान गरिएको थियो ।

सडक पूर्वाधार बनेपछि सिन्धुलीको कर्णाली भनिने घ्याङ्लेख दुर्गममात्र रहेन, यो सम्भावनाको केन्द्र बनेको मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्ठाले बताए । संघीय सरकारको तुलनामा प्रदेश सरकारको निर्णय प्रक्रिया छिटो भएकाले नै घ्याङ्लेखको सडक समयमै सम्पन्न हुन सकेको उनले सुनाए । समयमै काम गर्नेलाई पुरस्कृत र नगर्नेलाई दण्ड दिने स्पष्ट कानुनी व्यवस्थाको आवश्यकतासमेत उनले औंल्याए । यातायात पूर्वाधार निर्देशनालयका प्रमुख नवीन सिंहले नयाँ सडक बनेपछि सवारीको गति बढ्ने र दुर्घटनाको जोखिम पनि बढ्नसक्ने भन्दै सचेत गराए । उनले घर तथा अन्य संरचना निर्माण गर्दा सडकको मापदण्डलाई ध्यान दिन नागरिक र स्थानीय तहलाई अनुरोध गरे ।

उक्त प्रादेशिक सडकको करिब ९ किलोमिटर कालोपत्र र दुई वटा महत्वपूर्ण पुल निर्माण गर्न बाँकी छ । यी सबै काम सकिएपछि घ्याङ्लेख मदन भण्डारी राजमार्ग र वीपी राजमार्गसँग जोडिनेछ । त्यसपछि जिल्ला सदरमुकाममात्र होइन, प्रदेश र संघीय राजधानीसम्मको पहुँच सहज बन्नेछ । पूर्वाधार विकास कार्यालय सिन्धुली प्रमुख लक्ष्मीप्रसाद सापकोटाका अनुसार निर्माण हुन बाँकी दुई पुलमध्ये हाँडीखोलाको २० मिटर लामो पुलको ठेक्का सम्झौता भइसकेको छ । 'मरिण खोलामा पुल बनाउन र सडक कालोपत्र गर्न बजेट स्वीकृत भएर आएपछि काम सुरु हुन्छ,' उनले भने ।

सिन्धुलीको सबभन्दा विकट मानिने क्षेत्रमा भौतिक पूर्वाधार निर्माण भएसँगै स्थानीयको जीवनस्तर सहज बनेको छ । उद्घाटन समारोहमा भेटिएका ७८ वर्षीय विन्द्रे स्यांतानले पुरानो दुःख सम्झिए । 'पहिला यही बाटोमा नुनतेल बोकेर दिनभर हिँड्दा पनि सिन्धुली बजारसम्म पुगेर फर्किन मुस्किल थियो । हाल गाडी कुदेको देख्दा सपनाजस्तै लागेको छ । नातिनातिनालाई खोलाले बगाउला भन्ने डर पनि हट्यो,' उनले भने । विगतमा सडकसञ्जाल नहुँदा सामान्य नुनतेल किन्न पनि सास्ती खेपेका स्थानीय शिक्षक श्रवणाकुमार सुनुवार अब घ्याङ्लेखबासीहरुको भविष्यप्रति आशावादी छन् । 'अब हाम्रा किसानले फलाएको तरकारीले बजार पाउनेछ । व्यावसायिक कृषि र माछापालनबाट गाउँको आर्थिकस्तर उकासिनेछ,' उनले भने ।

घ्याङ्लेख गाउँपालिका अध्यक्ष जगत्बहादुर भोलनको सभाध्यक्षतामा भएको उद्घाटन समारोहमा जिल्ला समन्वय समिति प्रमुख कार्साङ लामा, पालिका उपाध्यक्ष शंकरमान घलान, नेकपा (एमाले) का जिल्ला इञ्चार्ज मनोजजंग थापा, सहरी विकास तथा भवन कार्यालय सिन्धुली प्रमुख किरण कार्कीलगायत जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, स्थानीय बुद्धिजीवी तथा सर्वसाधारणको उपस्थिति थियो ।

# बजारमा प्रविधि र दीगोपनका ट्रेन्ड




सन्देश संवाददाता

काठमाडौं/भृकुटीमण्डपस्थित प्रदर्शनी हलमा गाई फुड एण्ड बेभरेज एण्ड हस्पिटालिटी २०२६ आयोजना गरिने भएको छ । नेपालको खाद्य तथा पेयपदार्थ र आतिथ्य क्षेत्र हाल एक ऐतिहासिक मोडमा उभिएको छ । विगत दुई दशकमा रेस्टुरेन्ट, होटल, क्याटरिङ र खाद्य प्रशोधन व्यवसायमा भएको तीव्र विकासले नेपालीहरुको जीवनशैली र उत्सव मनाउने तरिकामा आमूल परिवर्तन ल्याएको छ ।


यस सन्दर्भमा २०२६ मा प्रवेश गर्दा यस क्षेत्रको गति अझ बलियो देखिएको छ र जीएआई फुड एण्ड बेभरेज एण्ड हस्पिटालिटी २०२६ जस्ता मञ्च यस क्षेत्रको व्यापारिक केन्द्रविन्दुका रुपमा स्थापित भएका छन् । हाल नेपालको यस उद्योगमा २५ हजार ५ सय बढी प्रतिष्ठान सञ्चालनमा छन्, जसले झण्डै ९४ हजार मानिसलाई रोजगारी दिएका छन् ।

होटल र रिसोर्ट क्षेत्रमा पनि उत्साहजनक वृद्धि देखिएको छ । आगामी दुई वर्षभित्र २५ भन्दा बढी नयाँ तारे होटल सञ्चालनमा आउने अपेक्षा गरिएको छ । सन् २०२३ मा १२ लाख नाघेको पर्यटक आगमनको संख्याले यस क्षेत्रलाई थप ऊर्जा प्रदान गर्दै फाइन डाइनिङ र विलासी आवासको मागलाई बढावा दिएको छ । सन् २०२६ को बजारलाई विशेषगरि प्रविधि र दीगोपनका ट्रेन्डहरुले डोऱ्याउने देखिन्छ ।

स्थानीय स्रोतको प्रयोग, अर्गानिक उत्पादन र फोहोर न्यूनीकरण जस्ता दीगोपनका प्रयासहरु उद्योगको प्राथमिकतामा परेका छन् । क्युआर कोड मेनु, क्लाउड किचेन र एआई सञ्चालित होटल सेवाहरु जस्ता प्रविधिको प्रयोग अब मुख्यधारमा प्रवेश गर्दैछन् । आरोग्य (स्वास्थ्य) र अनुभवजन्य पर्यटनको बढ्दो आकर्षणासँगै स्पेसालिटी कफी, क्राफ्ट बियर र हर्बल इन्फ्युजन जस्ता उत्पादन निर्यातको बलियो सम्भावना बोकेका वस्तुका रुपमा उदाएका छन् । एफबीएच २०२६ केवल एक प्रदर्शनीमात्र नभइ होटल, रेस्टुरेन्ट र क्याफे व्यवसायीहरुका लागि डिजाइन, सजावट, किचनवेयर र नवीनतम् प्रविधि पत्ता लगाउने एउटा विशेष अवसर हो । मेलाले खुद्रा व्यापारीहरुलाई नयाँ आपूर्तिकर्ताहरुसँग मूल्यमा मोलभाउ गर्न र खाद्य उत्पादकलाई आफ्नो वितरण सञ्जाल विस्तार गर्न साझा मञ्च प्रदान गर्नेछ । प्रत्यक्ष प्रदर्शन, नेटवर्किङ सत्र र रिटेलर्स ब्रन्च मिट जस्ता विशेष कार्यक्रमले यसलाई आतिथ्य व्यवसायका साथीहरुको सबभन्दा ठूलो वार्षिक जमघट बनाउने विश्वास गरिएको छ ।

सन् २०२४ को संस्करणमा ३ सय भन्दा बढी कम्पनी र ३० हजार आगन्तुकको सहभागिता रहेको एक्स्पो अब नेपालको खाद्य र आतिथ्य उद्योगको व्यापारिक ठेगानाका रुपमा स्थापित भएको छ । प्रत्यक्ष भेटघाट–व्यवसाय गर्ने एकमात्र प्रभावकारी तरिका भन्ने नारासाथ आयोजना हुन लागेको २०२६ को सम्पूर्ण आपूर्ति शृंखलालाई एउटै छानामुनि ल्याइ व्यवसायको भावी दिशा निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

# चौबीसै घण्टा सेयर खरिदबिक्री



सन्देश संवाददाता

काठमाडौं/सेयर लगानीकर्ताका लागि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) ले चौबीसै घण्टा सेयर खरिदबिक्री आदेश गर्नसक्ने व्यवस्था गर्न लागेको छ । यसका साथै सर्किटको व्यवस्थामा पनि परिमार्जन हुने भएको छ ।

सेयर कारोबारमा परिवर्तन गरिएको नीति नेप्सेको सञ्चालक समिति बैठकले पास गरेर लागु गर्ने तयारीमा रहेको नेप्सेका प्रवक्ता मुराहरी पराजुलीले जानकारी दिए। यस नीति ल्याउन लामो अध्ययन गरेर नेप्सेले विनिमय कारोबार विनियमावली प्रस्ताव तयार पारेर स्वीकृतिका लागि नियामक निकाय धितोपत्र बोर्डलाई पठाएको थियो । प्रस्तावलाई बोर्डले स्वीकृत गरेर लागु गर्न नेप्सेमा फर्काएको छ । बोर्डको स्वीकृतिसँगै नेप्सेले अब विनियमावली लागु गराउने छ ।

नेप्सेले धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को संशोधन प्रस्ताव बोर्ड पठाएकोमा बोर्डले प्रस्तावित व्यवस्थामा केही परिमार्जनसहित स्वीकृत गरेको हो । यस नीति लागु हुँदा लगानीकर्ताले सेयर किनबेच आदेशका लागि नियमित कारोबारको समय पर्खनु पर्दैन, चौबीसै घण्टा खरिद आदेश गर्न सक्ने छन् । नेप्सेले प्रस्ताव गरेअनुसार सर्किट ब्रेक, कम्पनीको सेयर मूल्यमा उतारचढाव सीमा, कारोबार आदेश गर्न सकिने समयलगायतमा केही हेरफेर गरिएको बोर्डका एक अधिकारीले बताए । ती अधिकारीका अनुसार नेप्सेले तीन वटा सर्किटको प्रस्ताव गरेकोमा बोर्डले दुई वटामा सीमित गरी स्वीकृत गरेको छ । कारोबारका लागि अर्डर हाल्न मिल्ने समय कारोबार समयबाहेक साँझ ६ बजेदेखि विहान ६ बजे प्रस्ताव भएकोमा चौबीसै घण्टा बनाइएको छ । यसरी चौबीसै घण्टा कारोबार आदेश पाउन मिल्ने भएसँगै विदेशमा रहेका नेपाली लगानीकर्ताका लागि सहज हुने अनुमान छ । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पनि धितोपत्रको दोस्रो बजारमा गैरआवासीय नेपालीलाई कारोबार गर्न अनुमति दिन सुझाएको थियो । सोही सुझावलाई आधार मानेर संशोधन गरिएको नेप्सेका अधिकारी बताउँछन् ।

नेप्सेको नियमित कारोबार सकिएपछि खरिदबिक्री आदेश दिनेले सोही दिनको अन्तिम मूल्यका आधारमा तोकिएअनुसार मूल्य घटाइ वा बढाइ खरिदबिक्री आदेश दिनसक्ने व्यवस्था संशोधित विनियमावलीमा गरिएको छ । नेप्सेको नियमित कारोबार विहान ११ बजे सुरु भइ दिउँसो ३ बजे सकिन्छ । संशोधित विनियमावलीअनुसार नियमित कारोबार समयबाहेक कुनै पनि समयमा अनलाइन खरिद वा बिक्री आदेश गर्न सकिन्छ । नियमित कारोबारबाहेक समयमा खरिदबिक्री आदेश दिँदा कम्पनीहरुको सेयर मूल्यको हकमा अन्तिम मूल्यमा २ प्रतिशत् बढी वा घटी गरेर मूल्य तोक्न सकिन्छ । नेप्सेले पनि कारोबार प्रणाली सोहीअनुसार तयार गरिसकेको छ । हाल नेप्सेमा विहान साढे १० देखि १० बजेर ४५ मिनेटसम्म प्रिओपन कारोबार हुन्छ भने ११ बजेदेखि ३ बजेसम्म नियमित कारोबार हुन्छ । हाल सो समयमा मात्र खरिद अर्डर– दिन सकिने व्यवस्था छ ।


नेप्से कारोबारमा रहेको ३ सर्किट ब्रेकरलाई दुईमा झारिएको छ । जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारका अर्थमन्त्री रामेश्वर खनालको पहलमा गठित सेयर बजार सुधार सुझाव कार्यदलको सुझावअनुसार उक्त व्यवस्थामा लचकता अपनाउन लागिएको हो । हाल कारोबारको पहिलो एक घण्टाभित्रमा ४ प्रतिशत् नेप्से बढे वा घटेमा पहिलो सर्किट ब्रेक लाग्छ र कारोबार २० मिनेट स्थगित हुन्छ । दोस्रो पटक खुलेको बजारमा ५ प्रतिशत् नेप्से बढेमा वा घटेमा दोस्रो सर्किट ब्रेक लाग्छ र ४० मिनेटसम्मका लागि कारोबार स्थगित गरिन्छ । त्यसपछि खुलेको बजार सूचकमा ६ प्रतिशत् वृद्धि वा गिरावट भए दिनभरिका लागि कारोबार बन्द गर्ने गरिन्छ ।

बोर्डबाट स्वीकृत भएको नयाँ व्यवस्थाअनुसार दुई सर्किटका लागि सीमा ५ प्रतिशत् र ८ प्रतिशत् तोकिएको छ । कारोबार सुरु भएको पहिलो २ घण्टामा नेप्से सूचक ५ प्रतिशत् घटे वा बढे सर्किट ब्रेकर प्रयोग हुनेछ । यसरी पहिलो सर्किट लागेपछि १५ मिनेटका लागि कारोबार बन्द गर्ने व्यवस्था गरिएको छ ।

पहिलो सर्किटपछि खुलेको बजार ८ प्रतिशत् बढे वा घटे सो दिनको कारोबार बन्द हुने व्यवस्था संशोधित विनियमावलीमा गरिएको छ । इन्भेष्टर्स फोरम अध्यक्ष तुलसीराम ढकालले यस व्यवस्थाले लगानीकर्तालाई सहज बनाउने अपेक्षा गरिएको बताए ।

हालको व्यवस्थाले दिनभर कारोबार गर्न पाइन्छ भन्ने विश्वास भएको उनको भनाइ छ ।

## 'सरकारमा रहेकाको सम्पत्ति जाँचबुझ गरौं'



सन्देश संवाददाता

काठमाडौं/नेकपा एमालेका महासचिव शंकर पोखरेलले २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा षड्यन्त्र गरिएको बताएका छन् ।

नेकपा स्थापना दिवसको अवसरमा बुधबार च्यासलमा आयोजित कार्यक्रममा उनले भदौ २४ गते षडयन्त्रपूर्वक विध्वंस मच्चाइएको बताएका हुन् ।

उनले यस विषयमा पार्टीको धारणा जनतामाझ स्थापित गर्न नसक्दा हालको परिणाम आएको बताए । उनले निर्वाचनमा सफलता हासिल गर्ने पक्षलाई बधाई दिँदै जनादेशको सम्मान गरेको उल्लेख गरे ।

उनले भने–भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा षड्यन्त्र थियो र त्यही षड्यन्त्रको जगमा २४ गते विध्वंस मच्चाइयो भन्ने हाम्रो पार्टीको जे मान्यता थियो, त्यस मान्यतालाई हामीले जनताकाबीच स्थापित गर्न नसक्दा नै आजको यो परिणाम बेहोरेका छौं । आज जसले सफलता हासिल गरेका छन्, हामीले जनताको जनाआदेशलाई सम्मान गरेका छौं । जसले सफलता हासिल गरेका छन्, उनीहरुलाई बधाई दिएका छौं । जनताका भावनालाई जनाआदेशका आधारमा काम गरुन् भनेर शुभकामना पनि दिएका छौं ।

पोखरेलले छोटो समयमै सार्वजनिक भइरहेका घटनाक्रमहरुले आफ्नो पार्टीले व्यक्त गरेका आशंका सही साबित हुँदै गएको दाबी गरे । सुशासन कायम गर्न नसकेको आरोपबारे उनले एमालेका नेता तथा कार्यकर्ताको सम्पत्ति जाँच गर्न र हाल सरकारमा रहेका नेताहरुको सम्पत्तिको पनि छानबिन गर्नुपर्ने बताए । उनले तथ्यले एमालेका नेता/कार्यकर्ता इमान्दार रहेको देखाउने दाबी गर्दै पार्टीमाथि विभिन्न आरोप लगाएर जनतामाझ बदनाम गर्ने प्रयास भइरहेको आरोप लगाए । गलत सूचना र प्रविधिको दुरुपयोगमार्फत् जनमत प्रभावित पारिएका कारण एमाले जनताबाट टाढिएको उनको भनाइ थियो ।

उनले भने–छोटो समयमा नै दृष्यहरु जसरी नै बाहिर आउँदैछन्, हामीले गरेका आशंकाहरु सही प्रमाणित हुँदैछन् ।

सुशासन कायम गर्न नसकेको आरोप लगाइयो, लामो समयसम्म सत्तामा रहेका हाम्रा नेताहरुका सम्पत्तिहरु जाँचबुझ गरौं । हाल सरकारमा रहेका नेताका सम्पत्तिहरु जो सार्वजनिक भएका छन्, तिनीहरुको जाँचबुझ गरौं त ।

सुशासनका मामिलामा नेकपा एमालेका नेता/कार्यकर्ताजतिको इमान भएका नेता/कार्यकर्ताहरु अरु कसैको छैन भन्ने कुरा तथ्यले बताउँछ । तर, जनताका सामु हामीलाई अनेक प्रकारले लाञ्छित गर्ने काम भइरहेको छ ।

जनता हाम्रो विपक्षमा किन गए भन्दा यस प्रकारको गलत सूचनाका कारणाले सूचनामा, प्रविधिमा एक प्रकारको दुरुपयोगको तरिकाका माध्यमबाट जनताको मनोविज्ञानलाई प्रभावित गर्ने तरिकाबाट जुन दृष्टिकोण तयार गर्ने काम भयो, त्यही कारण जनमत हामीबाट टाढिएको अवस्था छ ।

## आवश्यक परे अनलाइन
# बैशाख ११ देखि भर्ना, १५ देखि पठनपाठन

सन्देश संवाददाता

काठमाडौं/काठमाडौं उपत्यका मेयर्स फोरमले आगामी शैक्षिक सत्र सञ्चालनबारे स्पष्टता ल्याउँदै उपत्यकाभित्रका सबै पालिकालाई समयअनुसार शैक्षिक गतिविधि सञ्चालन गर्न आग्रह गरेको छ। फोरमको बुधबार बसेको बैठकले यस वर्ष बैशाख ११ गतेदेखि नयाँ विद्यार्थी भर्ना अभियान र बैशाख १५ गतेदेखि नियमित पठनपाठन सञ्चालन गर्न सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरेको हो ।

नेपाल सरकार मन्त्रिपरिषद् निर्णयअनुसार शैक्षिक सत्र २०८३ को भर्ना अभियान बैशाख १५ गतेदेखि र पठनपाठन बैशाख २१ गतेदेखि सुरु हुने सूचना जारी भएको थियो । तर, शिक्षा नियमावली २०५९ अनुसार शैक्षिक सत्र बैशाख १ गतेदेखि नै सुरु हुने व्यवस्था रहेको भन्दै स्थानीय तहहरुले आआफ्नो शैक्षिक क्यालेण्डरअनुसार विद्यालय सञ्चालन गर्दै आएको फोरमले जनाएको छ । फोरमले सरकारी निर्णय र स्थानीय तहको अभ्यासबीच देखिएको असमञ्जस्यताले विद्यालय सञ्चालनमा अन्यौलता सिर्जना भएको भन्दै गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेको छ ।

संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभुत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारभित्र पर्ने भएकाले शैक्षिक गतिविधि स्थानीय क्यालेण्डरअनुसार सञ्चालन गर्नुपर्ने फोरमको भनाइ छ । सर्वोच्च अदालतमा परेको विद्यार्थी भर्ना सम्बन्धि मुद्दामा आएको अन्तरिम आदेश, सरोकारवाला निकायहरुको सुझाव तथा शैक्षिक संस्थाहरुबाट आएका गुनासोलाई समेत ध्यानमा राखिएको जनाइएको छ । फोरमले उपत्यकाभित्र शैक्षिक वातावरणमा एकरुपता कायम गर्न, विद्यार्थीको सिकाइमा असर नपरोस् भन्ने उद्धेश्यले समयमै शैक्षिक गतिविधि अघि बढाउन आवश्यक रहेको जनाएको छ ।

इन्धन संकटलाई समेत ध्यानमा राख्दै विद्युतीय सवारीसाधनको प्रयोग बढाउन र आवश्यक परे अनलाइन कक्षा तथा बैकल्पिक माध्यमबाट पठनपाठन सञ्चालन गर्न तयारी गर्न सम्बन्धित सबैलाई आग्रह गरिएको छ । काठमाडौं उपत्यका मेयर्स फोरम अध्यक्ष चिरीबाबु महर्जनले निर्णय कार्यान्वयनका लागि सबै स्थानीय तहलाई अनुरोध गरेका छन् ।

## भट्ट र अग्रवाल ७ दिन हिरासतमा



सन्देश संवाददाता

काठमाडौं/सम्पत्ति शुद्धीकरण अनुसन्धानमा रहेका व्यवसायी दीपक भट्ट र सुलभ अग्रवाललाई ७ दिन हिरासतमा राख्न म्याद थप भएको छ । बुधबार काठमाडौं जिल्ला अदालतका न्यायाधीश तिलकबहादुर कार्कीको इजलासले उनीहरुलाई सात दिन हिरासतमा राख्न म्याद थपेको हो । उनीहरुलाई विभागले ३० दिन हिरासतमा राख्न समय माग गरेको थियो ।

विभागले उनीहरुको अनुसन्धान अन्तिम चरणमा पुगेको, सम्पत्ति शुद्धीकरणको कसुरमा जोडिएको बीमा ऐन र धितोपत्र ऐनअन्तर्गत् सम्बद्ध कसुरको अनुसन्धान भइरहेको पनि उल्लेख गरेको छ । राय प्रतिवेदन तयार गर्नका लागि माग गरेको हुँदा अदालतले ७ दिन हिरासतमा राख्न अनुमति दिएको हो ।

## खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं ।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं ।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं ।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं ।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं ।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं ।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं ।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं ।
सदाझैं यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा–४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला ।
सम्पर्क :
९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनखण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।
सम्पर्क नम्बर : ९८४५१२३३६६

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ । ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला ।
सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने